
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

३४

वर्ष ७, अंक ३ | बुद्ध सम्वत् २५६३ | ने.सं. ११४० कछला थ्व | वि.सं. २०७६ कार्तिक २६ सकिमना पुन्ही



भक्तपुर नगरपालिका वडा नं. १० क्वाठण्डौस्थित कालो चट्टानको चैत्य

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

*साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट*

# अर्हत

त्रैमासिक

वर्ष ७ | अङ्क ३ | पूर्णाङ्क ३४ | नेसं ११४० कछलाथ्व

शक सं. १९४० | २०७६ कार्तिक २६ | बुद्ध सं. २५६३

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
बालमुकुन्द बासुकला

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रजित

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन - ६६१९१०७

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०।-


सम्पादकीय

# लिम्पियाधुरा हाम्रै हो ! कालापानी हाम्रै हो !

भारत सरकारले नेपाली भू-भाग समेटेर आफ्नो देशको नयाँ नक्सा प्रकाशनमा ल्यायो । उसले आफ्नो विस्तारवादी नीति विश्वको सामु छर्लङ्ग्यायो । नेपाली जनता कमजोर ठानेर कमजोरीमाथि फाइदा उठाउने दुष्प्रयास गऱ्यो । बुद्धले 'झूठा कुरा गर्नु हुन्न' भन्ने उपदेश दिनुभएको थियो । तर, भारत सरकारले झूठा कुरा थाहा हुँदाहुँदै लिपुलेकलाई कालीको मुहान देखाई नेपाली भूमि हड्पने दु:साहस गऱ्यो । असत्य विचारले अशान्ति फैलिन सक्छ । अशान्तिले मानव जातिलाई दु:खी बनाउँछ । अशान्ति फैलाउनु अन्याय हो । अन्यायको विरुद्ध आवाज उठाउनु बुद्धको उपदेश व्यवहारमा परिणत गर्नु हो ।

भारत सरकारले विश्वका जनतालाई धोका दिन झूठा कुरा गऱ्यो । नेपाली जनतालाई अन्याय गऱ्यो । त्यस अन्यायको विरुद्ध सम्पूर्ण नेपाली जनताले आवाज निकाले, 'लिम्पियाधुरा हाम्रै हो ! कालापानी हाम्रै हो ! सुस्ता पनि हाम्रै हो ! भारतीय विस्तारवाद मुर्दावाद !' यो आवाजलाई बुद्धको सन्देश व्यवहारमा उतारेको मान्नु पर्दछ ।

तर विडम्बना ! बुद्ध जन्मेको देशको सरकारले अन्यायको विरुद्ध सशक्त आवाज निकाल्न सकेन । आफ्नो निहित स्वार्थमा धक्का लाग्ला भन्ने डरले सरकार लुगलुग काम्न थाल्यो । यो मुद्दालाई 'अन्तर्राष्ट्रियकरण गर्न हुन्न' भन्ने डरछेरुवा विचार व्यक्त गऱ्यो ।

भिक्षु अश्वघोष महास्थविरले भन्नुभएको थियो, "बुद्धको शिक्षाअनुसार अन्याय सहेर बस्नु झन् अन्याय हुन्छ ।"

यस अर्थमा नेपाल सरकार चुप लागेर बस्नु पनि अन्याय होइन र ? अस्तु !

# बुद्ध र समाजवादी भिक्षुसंघ



✍ भिक्षु अश्वघोष

बुद्ध कपिलवस्तुका राजा शुद्धोदनका छोरा थिए। तर कपिलवस्तु राजतन्त्र राज्य थिएन। आफ्नै ढंगको शाक्य गणराज्य भनुं या प्रजातन्त्र राज्य थियो। प्रजातन्त्र राज्य भए पनि प्रतिपक्ष भन्ने थिएन तर विरोध गर्न स्वतन्त्र थियो।

बुद्ध पहिले राजकुमार सिद्धार्थ गौतमको नामबाट चिनिनुहुन्थ्यो। विवाहपश्चात् एउटा छोरा पनि भयो। पछि राजपरिवारको विलासपूर्ण जीवन र साधारण जनताको सामान्य जीवनकाबीच अर्कै प्रकारको मध्यमार्ग अर्थात् शान्तिको बाटो छ की भनी खोज्नु राम्रो होला भन्ने ठानी २९ वर्षको उमेरमा वहाँले राजदरवार छोडेर संघर्षमय (दुःखमा) जीवन बिताउन थाल्नुभयो। त्यसबीच ठूला-ठूला आचार्य कहलिएका विद्वानहरूको संगत गर्नुभयो। तर आफूले चिताएजस्तो मध्यममार्ग अर्थात् शान्तिको बाटो पाउन सक्नुभएन। सच्चा ज्ञानको अभाव नै रह्यो। तब ६ वर्षसम्म कष्टमय जीवन बिताउनुभयो। पछि सिद्धार्थ कुमारले पर्याप्त खाना नखाईकन तपस्या गरी आफू गलत बाटोमा लागिरहेको महसुस गरी तपस्या गर्न छाड्नुभयो। त्यसपछि सिद्धार्थ एक्लै बुद्ध गयाको बोधिवृक्ष (पिपलको) रुखमुनी बसी स्वतन्त्र चिन्तनले ध्यान मग्नभई (अन्तर्मुखी भई) बस्नुभयो। वैशाख पूर्णिमाको दिन संसारको वास्तविकता र दुःखमय जीवनको यथार्थताको ज्ञान बोध गर्नुभयो। अर्थात् चार आर्यसत्य र आर्य अष्टांगिक मार्गको बोध गर्नुभयो। संसार दुःखले व्याप्त छ, दुःखको कारण तृष्णा आशक्ति अर्थात् जति भएपनि नपुग्ने अतृप्तिपना हो। दुःखको अन्त्य पनि हुनसक्छ र दुःख अन्त्य गर्ने बाटो पनि छ भनी बुझ्नुभयो। त्यो बाटो हो आर्यअष्टांगिक मार्ग। दुःख अन्त्य हुने मार्ग निम्न हुन् :-

**१. सम्यक् दृष्टि :**

ठीक समझदारी मतलब सही ढंगले बुझ्नु।

**२. सम्यक् संकल्प :**

ठीक सोचाई अर्थातु नियत राम्रो हुनु।

**३. सम्यक वचन :**

ठीक कुरा गर्नु अर्थात् भनाई र गराईमा फरक नहुनु।

**४. सम्यक् कर्म :**

गलत तरीकाबाट काम नगर्नु।

**५. सम्यक् आजीविका** :
जीवन शैली स्वच्छ हुनु, जीविका निर्दोष हुनु ।

**६. सम्यक् व्यायाम** :
ठीक प्रयत्न मतलब अति परिश्रमी र अल्छी दुबै नहुनु ।

**७. सम्यक् स्मृति** :
ठीक होशमा हुनु, आफ्नो काममा चित्त दृढ राख्नु ।

**८. सम्यक् समाधि** :
चित्त एकाग्र हुनु, आफ्नो काममा चित्त दृढ राख्नु ।

सिद्धार्थ गौतमलाई उपर्युक्त ज्ञानको राम्रो बोध भयो, मतलब बुद्धत्व लाभ भयो । बुद्धको अर्थ नै बोध हुनु हो । बुद्धत्व लाभपछि उहाँलाई अपूर्व शान्तिको अनुभव भएको कुरा पालिसाहित्यमा उल्लेख भएको पाइन्छ । सिद्धार्थ कुमारले राजदरवार त्यागेर भिक्षुजीवन अपनाएको व्यक्तिगत सुख र मुक्तिको लागि होइन, अपितु अज्ञानी र दुःखीहरूलाई उद्धारको बाटो देखाउनको लागि नै हो । त्यसताका दुई थरीका मानिसहरू थिए : एकथरी सुखसुविधा र विलासितामा लागिरहेका छन् भने अर्कोथरी जीवन निर्वाह गर्न नसक्दा चिन्ताले पीडित भई पेटभरी खान नपाएका व्यक्तिहरू देख्नुभयो । तब उनीहरूलाई मध्यममार्गको ज्ञान प्रचार गर्नुपर्नेबारे उहाँको मनमा महसुस हुनथाल्यो ।

यसरी विचार गरेर गौतम बुद्ध बुद्धगयाबाट सरासर पञ्चभद्र वर्गीयहरू रहेको ठाउँ सारनाथ जानुभयो । गौतम बुद्धले मधुर स्वरले मैत्रीपूर्वक उनीहरूलाई सम्बोधन गरी भन्नुभयो : भद्र साथीहरू । मैले पहिले कहिले नसुनेको थाहा नपाएको चार आर्यसत्य र दुःखबाट मुक्त हुने आर्य अष्टांगिक मार्ग ज्ञानको विषयमा मेरो आँखा खुलेको छ । मलाई ज्ञानलाभ भएको छ । ममा प्रज्ञा उदय भएको छ, कुसंस्कार, अन्धविश्वास जम्मै बिलाइसक्यो । यस विषयमा मैले अभ्यास गरिसकेपछि अनुभव गरेर साक्षात्कार पनि गरे ।

उहाँले फेरी भन्नुभयो - राम्रोसँग ध्यान दिएर सुन्नुहोस्, आर्य अष्टांगिक मार्ग र चार आर्यसत्यको राम्रो व्याख्या गर्दछु । यसको सही ज्ञान नभएकोले यस संसार अनेक समस्याबाट गुज्रिएर जटिल भैरहेको छ । चार आर्यसत्यलाई नबुझ्नुको कारण मानिसहरू दुई अन्त्य (छेउ र अतिमा) लागेका छन् । ती दुई अन्त्यहरू हुन् : पञ्चकाम -पाँच प्रकारका ईच्छाहरू जस्तै आँखाले रुप हेरी आसक्त हुनु, कानले शब्द सुनी रसस्वादमा लिप्त हुनु, नाकले गन्ध सुंघी त्यसैमा टाँसिरहनु, जिब्रोले रसस्वाद गरी पल्किनु, शरीरले स्पर्श गरी मोहित हुनु । यी पाँच भौतिक सुखमा आसक्त भई विलासितामय जीवन बिताइरहनु अतिवादमा लाग्नु एक प्रकारको अतिवादी मार्गी हुनु हो ।

अर्को अति मार्ग हो- आवश्यक मात्रामा खाना नखाइकन अस्वाभाविक तपस्या गरी शरीरलाई दुःख दिइरहनु, अन्धविश्वासमा विश्वास गर्नु दोस्रो अन्त्य हो । आर्थिक र सामाजिक दृष्टिकोणले तपस्या गर्नु मात्र अतिमार्ग होइन, अधिकांश जनता आधारभूत आवश्यकतासम्म पनि पूर्ति गर्न नसकी अर्थात् खाना, लत्ताकपडा र आवास र औषधोउपचार नपाई कष्टमय जीवन बिताइरहनु अर्को एक अति वा अन्त हो । दुई अन्त वा अति भनेको विलासितामा जीविका गरिरहेका धनी वर्ग र गरीब वर्ग हुन् । यी दुई अति मार्गमा नलागी मध्यममार्ग (मध्यमवर्ग) को अनुशरण गर्न सकेमा आर्यसत्य र आर्य अष्टांगिक मार्गमा लाग्न अभ्यास गर्न सकिन्छ । तपस्या गरेरै मात्र दुःखबाट मुक्त हुने होइन । धनी वर्गले गरीब वर्गलाई सहयोग दिएको खण्डमा मध्यम मार्गमा लाग्न सक्लाकि ।

उपर्युक्त कुरा सुनी पञ्चभद्रवर्गीहरूले आपसमा

कुरा गर्न थाले- 'सिद्धार्थ गौतमले यस्तो कुरा पहिले पहिले कहिल्यै भन्नुभएको थिएन । तपस्या छोडेर कसरी यस्तो ज्ञान अनुभव गरेको होला, अहिले सिद्धार्थको अनुहार पनि तेजिलो छ । व्यक्तित्व निकै प्रभावशाली छ । स्वर पनि निकै मधुरै छ । साँच्चै उनले ज्ञानलाभ गरेका छन् कि । तर बुझ्न नसकिने कुरा एउटा भन्नुभयो- खाली तपस्या गर्नु मात्र व्यर्थ छ रे ! तपस्या गर्‍यौं । हामीचाहि जस्ताको त्यस्तै छौं । केही पनि ज्ञान हासिल गर्न सकेका छैनौं । हुनसक्छ सिद्धार्थ गौतमले नयाँ बाटो र नयाँ ज्ञान फेला पारेको छ । हामी त दुई अन्त्यमध्ये एउटामा परेका छौं । पुरानो संस्कारलाई तिलाञ्जली दिएमा सिद्धार्थको कुरा बुझ्न सकिएला कि ! हामी गलत बाटोमा हिंडेका छौं कि जस्तो लागेको छ ।'

उनीहरूले गौतम बुद्धको सन्देशलाई खुब गम्भीर र स्वतन्त्र चिन्तनले विचार गर्न लागेपछि उनीहरूमा ज्ञानको मूल फुट्यो । उनीहरूले महसुस गर्न थाले- सिद्धार्थको भनाई ठीक छ । सबैभन्दा पहिले कोण्डन्यले कुरा बुझ्यो । सात दिनपछि अरु ४ जनाका अन्धविश्वास, पूर्वाग्रह कुसंस्कार हटेर उनीहरू पनि बोध भए । बुद्धशिक्षा र प्रजातन्त्रलाई स्वतन्त्र चिन्तन र स्वच्छ विचारले (परम्परागत पुरानो संस्कारले होइन) सोच्न सके मात्र बुझ्न सकिन्छ अन्यथा बुझ्न सजिलो हुनेछैन । बुझेर पनि व्यवहारमा उतार्नु झनै गाह्रो छ । साँच्चै भनु भने जति बुझ्यो उति गाह्रो भनेजस्तै हुन्छ । किनभने पुरानो संस्कार र अन्धविश्वासबाट मुक्त हुनु सजिलो कुरा होइन ।

बुद्धको प्रथम सन्देश धर्मचक्र प्रवर्तनपछि सारनाथमा भिक्षुहरूको संख्या ६० पुगेको हो । त्यसपछि बुद्धले समाजवादी भिक्षुसंघ स्थापना गर्नुभयो । भिक्षुसंघलाई व्यक्तिगत सम्पत्ति राख्न मनाही गर्नुभयो । अति आवश्यक लत्ताकपडा, सियो, धागो आदि सामानमात्र निजीरुपमा राख्न पाउने नियम बुद्धले बनाइ दिनुभयो । दानमा प्राप्त हुने ठूलठूला वस्तुहरू सबै सांघिक (सामूहिक) बनाइ दिनुभयो । व्यक्तिगत दानभन्दा संघलाई दिएको दानको महत्त्व बढी छ भन्नुभयो । व्यक्तिगत दानलाई निरुत्साहित पार्नुभयो र सामूहिक दानलाई महत्त्व दिनुभयो । पछि गौतम बुद्धले भिक्षुहरूको संरक्षण र चिरस्थायी गरी जीवन नैतिकतापूर्ण बनाउनका लागि आधारभूत आवश्यकताको रुपमा चार चीजको व्यवस्था नभइ हुँदैन भन्नभयो । ती चार चीजहरू हुन् : १) **चीवर (वस्त्र)** २) **पण्डपात्र (आहार खाना)** ३) **सयनासन** (बस्ने ठाउँ **बिछयौना**) ४) **गिलान प्रत्यय (औषधोचार)** । यी चारवस्तुहरूको व्यवस्था नभएमा भिक्षुहरूको जीवन नैतिकतापूर्ण हुनसक्दैन । यस कुराले के बुझिन्छ भने बुद्धधर्मसँगै आध्यात्मिकवाद पनि होइन र भौतिकवाद पनि होइन । यी दुईबीच परस्पर घनिष्ठ सम्बन्ध छ तर त्यो जीवन आर्थिक व्यवस्थामा निर्भर छ । आर्थिक व्यवस्था नसुधिएमा धर्म, प्रजातन्त्र, संस्कृति, भाषा र इतिहासको अस्तित्व रहँदैन । यी वस्तु सबै म्युजियममा राख्न लायक हुनेछन, सजीव हुँदैनन्, मृत्यु प्रायः हुनेछ ।

गौतम बुद्धले यशकुमार प्रमुख भिक्षुहरू ६० जवान पुगेपछि सङ्घ स्थापना गर्नुभयो र तीन महिना तालिम दिनुभयो । उनीहरू सबै अरहन्त (निर्दोषी योग्य) बनिसकेपछि भिक्षुसंघलाई धर्मप्रचार गर्न निर्देशन दिनुभयो ।

***साभार- भिक्षु अश्वघोषका छानिएका रचनाहरू***

❖❖❖

# इही

✍ चित्तधर हृदय

'भिंगु दिन बसुवा: स्वया: प्यम्ह चतुरपिं ब्राह्मण छ्व त ।
दण्डपाणीयागु भवने भौमचा छम्ह ल्हाक्यत ।
वन अपिं नं अर्थ आशं 'सिद्ध याय् थुगु ज्या' धका,
अमि मने थुलि 'रत्न धन सम्पत्ति आ:भ्री भाग्यका !'
लँ ववं अमिसं खँ ल्हाना: वन छु ल्हाय्गु खँ अन वना:
धाल छम्हस्यां 'ग्या: जि ख्यँ ओले पुथं कयि थें खना'
मेम्हस्यां ध्व खँया समर्थन यात 'चाला बांमला: !'
'फक्व अय्नं यत्न याय्मा:' धाल छम्हस्यां अल्य न्हिला: ।
थथ्य खँ ल्हाल्हां थ्यन अपिं जुजु दण्डपाणीयागु छ्यैं,
द्वारपालं यात स्वागत मूलुखाय् क्वे थ्यन्यव हे ।
लिजक लितिना: त:गु खापा शीघ्र चाय्का: द्वारया
रत्न किंकिणिजाल तुपुलिं ख्वाक्क हतपत पिन्य वया:
स्व:बले वं स्फटिक-थांया नाप ब्राह्मणपिं खना:
मातने च्वे च्वंगु झिलिमिलि दुगु लुँझ्या:या क्वे वना:
स्वर्णया कथि छ्ख्यर धंका: बिन्ति याना: ल्हा: निपा
न्होन्यसं दुगु योग्य आसन बिल फले लाया: लिपा

धाल अमित 'बिज्याहुँ ब्राह्मण देवतापिं ! आसने
छाय् छु खैं थें दुन्य वना: थत्थें निवेदन या: वन्य ।'
वैगु सविनय सभ्यतायुत थुगु सरल व्यवहारया
वैत स्वस्ति सुवा: बिया: ध्व खँ ल्हात जुजुया नां कया:
'सहित सैन्यपिं ब्याक्क राज्यया
कुशल जू मखा: भूमिपालया ?
कपिलवस्तु-राजां छ्वया: ह्या:
छुं खँ ल्हाय् धका थन जिपिं वया ।'
'लंच्वना: दिसँ पलख जक थन न्यंक्य छ्वेव जिं' थुलि धया:
छम्ह मनू छ्वत शीघ्र ल्याहाँ वल व नं आज्ञा कया: ।
दुत ब्वना यन अल्य सरासर दण्डपाणी जुजु दुथाय्
न्यंक जिगिजिगि च्वंक छाय्पा: त:गु अति सुन्दर क्वथाय् ।
थ्यन्यव दुन्य, भूपं 'बिज्याहुँ' धका उचित आसन क्यना:
अमित स्वागत यात सुन्दर उच्च लासां थ: दना: ।
स्वस्ति मङ्गल वाक्य ल्हाना: बिल सुवा: अमि ल्हा: ल्व्हना:,
न्हिल नृपति नं शाक्यकुलया कुशलवार्ता फुक न्यना: ।
अमित पञ्चामृत तया: सा:सा:गु याका: भोजन
थौं अपिं थन व:गु कारण सुप्रबुद्ध जुजुं न्यन-
'शाक्यराजं विप्रपिन्त जिथाय् छुखें थें हल छ्वया: ?'
प्रथम अमिसं भूमिका निं न्हयोन्य तल थथ्य लम्हिखँया-

'विशाल विश्वे छिगु कीर्ति-कौमुदी
अवश्य राजन् ! तिमिला समान थी ।
नरेशशालाय् रनिवासया मिखा
वियोग-अश्रु बरु प्वा: मत्यू मखा: ?
न्यना 'सुशीला छिम्ह म्हाय् यशोधरा
व यौवनं आ: जुल ज्वी मनोहरा,
सु भाग्यशाली नृपयागु जीवन
व स्वां ह्वया: याय्त्यन दिव्यकानन ?

छुयाय् लह्यूसां दुहिता प्रसून थें
कदापि थ: ज्वी मखु भूप ! पुत्र थें,
उकीं इही याय् वय प्राप्त ज्वीव हे
स्वया: खना: ह्वंक्यगु शीघ्र शीघ्र हे ।
नरेन्द्र ! छिं स्यू कुल शाक्यवंशया,
वखान गय्याय् रविया मरीचिया ।
समग्र देशे मदु दीन सुं छम्हं
नृपाल शुद्धोदनया सुशासनं ।
बुया: उकीसं सुत भूपया छम्ह
अनंग थें सुन्दर रुप गौतम
लिहाँ वया: शास्त्र स्यना: गुली गुलि !
सुथे निभा: थें थित शाक्य-लाय्कुली ।

व नापं कोछीगु विवाह उत्तम,
ध्व योग ज्वी दीप व ज्योतिया सम ।
महीन्द्र ! छिं याकन हे प्रबन्ध या,
'शुभस्य शीघ्र' थुगु खँ बिलम्ब छाय् !' (वंशस्थ वृत)

"धन, रूप वा कुल गौण ख:,
गुण, वीरता अति मुख्य ख:,
शकराजपुत्र सदां गृहे,
रिपुया पराजय यायी गय् ?
लिपि, शास्त्र, शिल्प-कलां छुना:
रणदक्षता-वसतं पुना:
जयमा: क्वखाय् फुम्ह वीर हे
जिम्ह म्हयाचया पति ज्वी व हे ।
नृपयात ब्राह्मणपिं ! थुलि
जिगु या निवेदन, धाय् गुलि !

'छिगु नाप थिति ज्वीगु नं
जिगु भिंगु भाग्य खना मनं'।"

भूपयागु लिस: न्यना: थुगु अमिगु मनया आश नं
जुल निराशे पूर्ण परिणत ख्यूँल सो अमि ख्वाल नं।
सफल मजुया: थ:पिसं भा:पा:गु ज्या फसुका: तया:
वन्यत उद्यत जुल अपिं अल्य क्षितिपयात सुवा: बिया:

"स्वस्ति लिस्य ज्वीमा विचारधीन जिमिगु निवेदन"
समय सीका: थुलि खँ नं हानं तना: ल्याहाँ वन।
दण्डपाणी जुजु दना: वन सुतुक दुन्य अवरोधया
कन्यत रानीयात म्हयाय् ल्हा:व:गु ब्राह्मणपिं बया: ।
असमये बौ व:गु ताया: दुन्य क्वथाय् थौं हतपतं
राजपुत्री थ:गु ब्वहले दात्तु दाय्का: सतबतं
वल म्हुसाय् खरि तुल्यगु तोता: व:गु का हे वांछ्वया:
न्ह्योन्य तांक्वे च्वंगु फेंगु, यं, ककाय् फुक छख्य तया: ।
माम बौया ल्हा:गु वार्ता थ:गु विषये थें च्वना:
वे मछाला: अमिगु न्ह्योन्य व सुमुक अनसं च्वन दना: ।
वैगु तुतिस: ता:गुलिं स:तल न्हिला: अन बौम्हस्यां
क्वच्छुना: सुर सुन्दरी गोपा वया: दन न्ह्योन्यसं ।
धाल रानीयात नृपतिं-"व:गु सिलला देवि ! छं
शाक्यकुलया दूत ? गौतमयात भ्री गोपा ब्यु हैं"
थुलि धया: वं उख्य स्वया: म्ह्याय्यात धाल-"यशोधरा !"
पुलुक अबुजु स्वया: मछाला: मवल प्याह्याँ छुं गिरा।
धाल रानीयात हानं "बीगु गय् ज्वी भ्री मचा ?"
"मेगु जिं मस्यु माजु मदुथाय् मन मलो प्रिय ! जिगु भचा"
ध्व खँ न्यना: भति न्हिल महीप 'चमाजु जूसां चांजु नं,
मदु प्रिये ! धन्दा उकीं छुं बरु छुधायि छुधायि ध्वं,

छं खँ हे खन ज्वी व गौतम कपिलपुरया उत्सवे
यो मयो आ: ल्येगु उत्तम जन्मकाछिं ख्वे सिवे'
बीत बिल गोपां लिस: थुलि "म्हा गनं वन्यमखुजिला"
किन्तु मनया चित्र बैं तुतियागु पचिनं च्वन च्वया:-

"बांला: गुलि जक रुप् वया
हृदये नं दै स्नेह-सुधा ।
उच्च पवित्र हिमालयया
दुन्य मदुला निर्मला जल धा: !
धायधुन 'वन्य मखु' किन्तु छुयाय्
धात्थें कोथैला थुगु ज्या ।
जिगु जीवनया जीवन हे
ज्वी धुंकल थौं हाय व हे !" (जाति १४ मात्रा)

थथ्य मने दुम्ह राजपुत्रीं ताल आताहाँ च्व च्वं
थ:त मामं "छाय् मछाला ! धा पुता छुं" धा:गु खँ ।
भ्कं मछाला: मामया थुगु खं मिखा क्वकना: च्वन,
घंगला न्याय्का: छिलिक "जिं मस्य्" धया: पिन्य बिसि वन ।
जुजु महारानी खँ ल्हाना: छन्हु च्वना: च्वंथाय् वया:
द्वारपालं पौ छपौ बिल कपिलपुरया नां कया: ।
वन्यव दौवारिक अनं पिन्य उगु सुगन्धित पौ प्वला:
स्व:वले वं थ:त व:गु निमन्त्रणा खन लुंच्वया:

"नृपेन्द्र ! छ:पिं रवि थें बिज्याना:
बियोग-चाया तम-शोक चाना:
सभा-नभे शोभित तेज चयाना:
अवश्य ज्वी जिं थुलि आश याना ।
कुमारपिं गौतम आदि नामी
वया: वया: विस्तृत रङ्ग भूमि
अनेक विद्या लिस्य शिल्प-शिक्षा
छता छताया बियि न्हां परीक्षा" (उपेन्द्रवज्रा)

पौ ब्वना: हर्षित जुया: अति धाल रानीयात वं
"कोछिना: वे प्राप्त या:सा योग्यता यदि गौतमं"
धाल रानी भति न्हिला: वन्यत्यंम्ह जुजुया ख्वा: स्वया:
"छुं जुया: सर्वार्थसिद्धं न्याक्य मफुसा जिं छुयाय् ?
वैत ल्यो थें खन्यदु प्रियतम ! भ्की मचाया मन मनं"
"ल्योगुसा त्वाकै अवश्य ध्वया प्रभावं गौतमं !"
थुलि धया: जुजु डण्डपाणीं पाटया बसतं पुना:
विविध रत्न तिसां तिया: मुकुटं पुया: मन्त्री ब्वना:
भिंम्ह बाल्हिक सल गया: वन कपिलवस्तु स्वया: अनं ।
रङ्गभूमी ध्यन्यव स्वागत यात याकन याकनं
योग्य सिंहासन बिया: भ्की शाक्यनृप शुद्धोदनं-
"धन्य जुल थौं शाक्यकुल छलपोलया शुभ दर्शनं,
कुशल सकलें जू मखा: छलपोलया परिवारया ?"
दण्डपाणी मुसुक न्हिल "छ:पिनि प्रतापं" थुलिधया: ।
गुरुजु विश्वामित्र, अर्जुन जुल नियुक्त परीक्षक,
शाक्यराजकुमार गौतम वल गया: सल कण्ठक ।
वल सलंस: देबदत्त व नन्द आदि कुमारपिं
सकल विद्या बिल परीक्षा ब्याक्क न्ह्योन्य वया अपिं ।
छम्हथ्य छम्ह बांला: अपिं भिंभिंगु रत्न लुँ या तिसां,
रङ्ग रङ्गगु वस्त्र ब्वेका: जूगु खन्यदु दिशाय् दिशाय् ।
व्याकरण, भूगोल लिपि, इतिहास, चित्रत च्वेगुली,
वेद, दर्शन, गणित, ज्योतिष, शब्द, पद, वाक्यावली
गौतमं त्याकल पता: ध्वाँय् दुगु विशाल इलां प्यना:
रत्न किंकिणिजाल खाया: त:गु मञ्चे च्वे च्वना: ।
नन्द आदि कुमार जाना: यात्त या: अति उद्यम,
तर पुराण व अर्थशास्त्र नं प्रथम जुल गौत्तम ।
ब्वात सकलें भ्को छुना: अन वाकु वाकु छिना: छिना:
ध्यों बले निर्दिष्ट थासे प्रथम गौतम हे खना:
देबदत्त कुमार तंम्वेका: व गौतमयात नं
'वा तिसाल्दे वा छ' धाधां थ:गु खंपाय् दाल वं ।
ल्वात निम्ह ल्हा: ल्हा: बिया: गबलें नुग:पा ल्वाकल,
न्याक्क ब:स्वाना त्यला: सर्वार्थसिद्धं त्याकल ।
ब्याक्क छक्वलं हे क्वब्वाना: म्हितल पुखुली चा:हुला:
गौतमं ताउत म्हिता: त्याकल लखे दुन्य दुन्य सुला:
भिंगु सालुगु वस्त्र ब्वेका: वायुवेगं सल गल,

ध्यनिथ्य च्वंका: पीन्हुया: सल गुलिगुलिं अन कुतिवल।
प्वा:त्युत्यूं "ही ही" धका अन ब्याक्क दर्शकपिं न्हिल,
देवदत्त व नन्दया सल भ्रो छभ्रोले ब्वां वल,
अमि समर्थकपिं न्हिला: हल 'देवदत्तं त्याकल !"
तर छुयाय् शौद्धोदनिं न्हापातु थ्यंका: ध्वाँय् तिल।
कामशास्त्र व वैद्य विद्या मा:गु सुन्दर शिल्प नं
स:गु दकले थ:म्ह आत्मज हे खना: शुद्धोदनं
धाल "का ब्यु क्यना: धनुर्विद्या व रथसंचालन
आदि नं जुजु दण्डपाणीयात छिमिसं याकन"
अल्य ज्वना: असि जवगु ल्हातं, चर्म खव ल्हातं ज्वना
खड्ग चा:हवीका: अपिं सन युद्धयागु कला क्यना:।
किन्तु थन नं गौतमं हे सकलयातं त्याकल,
थ:गु यानं तिन्हुया: वं मेगु रथ नं न्ह्याकल।
गौतमं न्यन न्ह्योन्य पिचाय्क्यफु ज:गु छपु वाणं सुनां ?
"हुं सिमा न्हय्मां पिचाय्क्यफु ज:गु छपु वाणं सुनां ?
'जिंफु जिंफु' धका धनुषया ध्वीं क का जक न्याय्कल,
मफु सुनानं किन्तु सोपिनि हास्य कारण जक जुल।
अल्प लिपा सर्वार्थसिद्धं थ:गु धनुषे का छु ना:
न्याक्क प्रत्यालीढ पद याना: जँ कय्कुंका: भचा
त्वीं क तोतुगु "का" धका वं शर वना: न्हय्मां सिमा
यात चाना: ल्यूँ न्य दुम्ह फाया म्हुतुं द्वाहाँ वना:
शीघ्र उम्ह फाया प्यनं प्याहाँ वया बैं जूवन,
यात "धन्य कुमार गौतम" धैगु तारिफ सकसिनं।
थुगु प्रकारं ब्याक्क विद्यां त्या:म्ह शौद्धोदनि खना:
दण्डपाणीं मुसुक न्हिल अन हर्षया लोचन कना:।
धाल शुद्धोदन स्वया: वं "धन्य उत्तम रविकुल।
भ्रं कुमारं वंश शोभा थौं अहा निदुगं जुल।
मा:गु तालाका: बिज्याय् जिल ब्याक्क पस्ताया ज्वलं
ज्वीगु जुल भूपेन्द्र। निश्र्व छिगु सम्बन्ध नं"
वन्यत थुलि वाचा बिया: वन दण्डपाणी जुजु अनं,

थुख्यर ज्या ब्वल मा:गु मा:मा:पिन्त नृप शुद्धोदनं।
विविध मणिमय लंपिचा बांलाक दय्क्य बिया: लुँया
तल भ्रिग: गोखे उकी कौशेय वस्त्रं तो पुया:।
भिंगु वसुवा: हे स्वया: दिन बीक्य नं छूवत लम्हि छूवया:
ग्वे बिया: ल्याहाँ अपिं वल यक्व हे पाहाँ जुया:।
अं, तु, लै, संत्रासि, क:बसि, फंसि आदि सिसाबुसा
बखत बखते बीक्य छूवत न्हां सहित कुंन्याया लखा।

मा:गु लाज:या वस: आयात यात बनारसं,
न्हूगु ययिपुस्य च्वंगु गान्धारं सिसाफल माक्व नं।
माक्व मुंकल रत्नभूषण आदि पस्ताया ज्वलं
असमये नं धा:गु वस्तुत थ:गु वैभवया बलं।
साक्क जोपस्था, सबै, मथ आदि यक्व लखामह्रि
फू तया: बांलाक छुक्य बिल पुत्त् प्वीका: गुलि गुलि।
फुक लखाबाताय् तया: सालुगु रुमालं तोपुया:
बीक्य छूवत भ्रो भ्रो क्वब्वीका: नाप दिंपौ नं तया:।
व्हं क्य प्यन्हु न्ह्यो कनकक्ल्यां न्ह्याक्य छूवत तम्व: छूवया:
धौ सगं व क्वत क्वब्वीका: माक्व नामे मह्रि तया:।
ग्वे व कात्वास्वां व त्वास्वां जाय्क दुगु व सगंपुसा
पो चिना: त:सां पिजो सो भिंगु सालुगु ख्वाहुसां।
उख्यर सकलें न्हीक गोपां ध्वांक नांचा प्वा: खना:
थ: सगं काय् धुन्यव त्वीका: बिल व ग्वारामह्रि इना:।
उगु क्वत: नं लित हया: सिद्धार्थयात सगं बिल,
"पूसिन्ह: तित ही।" धका अन बन्धुपिं सकलें न्हिल।
चुकस का: वन्य खुनु मुना: च्वन जाय्क सकलें थ:थिति,
जीक्वत: बय्पा: तले न्हिल सुन्दरीपिं इति इति
स्वां, सिन्ह: ग्वे, पोंपती, ग्वेचुं, सलांचुं, कों चिकं,
ग्वा:, नस्वा:, ताय्, जाकि, स्वांमा: आदि मा:गु ज्वलं ततं।
वैगु नापं जा:गु ग्वय्बाताय् पुतूग्वे नं तया:
सी क्वब्वीका: बिगुलि स्वीका: छूवत भुलाय् न्येका: भल्या।

वैगु न्ह्यो न्ह्यो वन मुस्या: लिस्य छम्ह सुकुंदा नं क्यना:,
पञ्चबाजं ताय्‌व स्व:वल मिस्तस्यं भ्‌याले च्वना: ।
वन लुँया दूद:सि पाच्छाया: भुजं दू धंक्यत,
थुख्य निमन्त्रित साहु, पुरजन आदि दन व लँसोमित ।
प्रथम न्ह्याकल ताँइ नाँइ, धिमे, भुस्या थाका: धुँज्या,
वैगु ल्यू ल्यू व:गु:सो भौं या मनू प्याखं हुया: ।
न्यन्यत यथिपुक रसन ढोलक, पश्चिमा बासुरि पुया:
व:गु ताय्‌मदु फैत ल्वाका: त:गु घिरिघिरिख: ह्‌या: ।
रङ्गरङ्गगु पर्सित सिना: भिंगु रेसम गां न्यया:
तुकि, लुँ स्वां, तायो व भिंपू आदि आदि तिसां तिया:
घंगला न्ह्या:पिं बथां हे ल्यास्यपिं साला: हया:
"मिस्त नं धात्थें लँ सोवल" धेंगु भ्रम जुल लोकया ।
धा: व कोँचाखिं व दङ्ग: आदि नाना बाजन
नाप वल रागत पुया: म्वाहालि, बय्‌, गुजराति नं,
मेगु नाना राग हाला: न्ह्या:गु सो दापाखल:,
छुं मन्योंस्य मचातस्यं च्वें ब्व:गु स्वैच्वन मतकल: ।
नासलं लीपिं वया: च्वन यक्व प्याखंमोत नं
मेखला लिस्य अमिगु तुतिया घंगला छिलिछिलि मिन ।
पद्‌गपिं नं न्हा: वया: च्वन सैन्य-बाजं-स: न्यन्यं,
सचिव, सेनाध्यक्षपिं वल अश्र्‌वया प्याखं क्यँक्यं ।
स्वर्ण गंमा: न्या:गु 'तिंतिं' मोतिज्वा: दुगु भ्‌वापन,
हेम मय आमलिखते दुन्य रत्नमय सिंहासन ।
लोगु गुलि जक श्वेत सुन्दर राजछत्र गजू लुँया
न्याक्क त:पुगु दुरु समान तुयूगु दं दुम्ह किसि गया:
जन समूह स्वस्वं न्हिला:सो बौम्ह शुद्धोदन वल,
वैत निम्हस्यं रत्नया चुगु च्वामलं निख्य गाय्‌कल ।
थुगु प्रकारं लँ ववं बहनी जुया: च्याकल मत,
यक्व भ्वीचंपा तयां च्वन ज्वीक नभ हे नगु जक ।
थी थुनागु लुँया सँभ्‌याले भार खाया: रत्नया
क्वे छचालं दिव्य सुन्दर त्वाद्यवा भो भो ब्वया:
चीनया लासात लाया: च्वे विशाल इलां प्यना:
न्याक्क छाय्‌पा: त:गु उगु चुकया लुखाया पिन्य थ्यना:
दण्डपाणी नृपतिया योपिं प्रबन्धकपिं बया:
अमित स्वागत यात याकन "भासँ भासँ" धका धया ।
चुकस सकलें वेव द्वाहाँ "दिसँ" धका आसन क्यना:
रत्नयागु थले तया: सा:सा:गु मूसी बिल इना: ।
ब्याक्क ल्याहाँ वन सरासर ल्योंदु चा च्वनिपिं जक,
अल्य अनेक सुगीत हाय्‌कल ध्वक्क त:धंचुक फुक ।

निख्यरसं निखल: च्वना: ज:ला व ख:ला गायनं
हाल पालंपा: गनं दोमां व चौमां ताल नं ।
न्हकु तिया: त:जा:गु फुंगे ल्वेक लिधना: इकु इकुं
ताल बी थें ज्याथ छम्ह निम्ह ब्वा:गु गुलि जक सो न्ह्यलं ।
विविध बाजं न्याय्‌क थाका: छख्यर प्याखं व्हीकल,
"धन्य" धाधां हर्ष पूर्वक त्वीक पाय्‌म्हो ब्वेकल ।
पञ्चबाजंयागु म्वालिहं "प्वाँय्‌क" मङ्गल पूगुलिं
सीदु ल्हा:ग्वे का:गु "हूं हूं" मिंक मां म्ह्याय्‌ ख्व:गुलिं ।
थाय्‌भु वाय्‌हल विपुल व्यञ्जन जा:गु च्या:गु दिगू तिया:
भति लिपा क्वत हल चुके उम्ह सुप्रबुद्धसुता बुया: ।
ख्वबि हुहुं हिकु हिकु ललं गोपा दुली तल मिस्तस्यं,
भत्त फाय्‌कल तास-दूफांगां सस:बौ ज्वीम्हस्यं ।
सम्हिलु, दूक्वमिसात दू ज:ख: दना: च्वन दू ज्वना:,
"भ्‌यातु" धाधां यन लुँ या ल:थल लिक्वे दुगु दू ल्ह्वना: ।
वैगु ल्यूल्यू दण्डपाणी नाप थ:थितिपिं फुक
वल छुयाय्‌ भति ख्वाल ख्यूँ का: देशयागु दुवा: तक ।
मूगणेद्योयात चा:व्ह्‌ीका: दिकल दू छुं क्षण,
अल्य खँल्हाइगु न्यन्य धका-सक्लें लँसोमित नं मुन ।
अन दना: जुजु दण्डपाणीया प्रधान पुरोहितं
छुत कपिलपुरया पुरोहितयागु न्ह्योन्य खँ थुगुकथं-

❖❖❖

# जर्मनका पहिलो बौद्ध भिक्षु- भदन्त ञानातिलोक महास्थविर



✍ रत्नसुन्दर शाक्य

२० औं शताब्दीको सुरुमा जर्मनबाट एक यस्ता बौद्ध भिक्षुको प्रादुर्भाव भयो जसले यूरोपमा मात्र होइन एशियामा समेत आफ्नो प्रभाव छोडेर जानुभयो -उहाँ हुनुहुन्छ -सुप्रसिद्ध बौद्ध विद्वान् भिक्षु ञानातिलोक महास्थविर ।

उहाँको जन्म पश्चिम जर्मनको वायज बडेन (Wies baden) भन्ने ठाउँमा १९ फरवरी १८७८ को दिनमा एक रोमन कैथोलिक परिवारमा भएको थियो । उहाँलाई 'आण्टोन वाल्टर फ्लोरस गोठ' (Anton Walter Florus Gueth) भन्ने नामाकरण गरियो । वहाँका पिता एक प्रोफेसर थिए ।

उहाँले सन् १९०२ सम्ममा फ्रान्कफोर्ट र पेरिसमा समेत जानुभई उच्च शिक्षा हासिल गरी 'संगीतज्ञ' हुनु भएको थियो ।

फ्रान्कफोर्ट रहनुभएको वेला उहाँले स्थानीय थियोसोफिकल सोसाइटीको तर्फबाट बुद्धधर्मसम्बन्धी प्रवचन दिएको सुन्न पाएको थियो । वास्तवमा उहाँले पहिले पनि महान् विचारक शोपनहार (Schopenhauer) का ग्रन्थहरू पढी बुद्धधर्म सम्बन्धित केही कुराहरू थाहा पाइसक्नुभएको थियो । अतः जब फ्रान्कफोर्टमा प्रवचन नै सुन्न पाएदेखि तबदेखि उहाँको अभिरुची संगीतपछि बुद्धधर्म हुन गयो ।

उहाँले बुद्धधर्म अध्ययन गर्नको निमित्त सामूहिक यात्राबाट सन् १९०३ मा बम्बई पुग्नुभयो । उहाँको विश्वास थियो बुद्धधर्म भारतमा प्रचार-प्रसार भएको कारणले त्यहींको बौद्ध विद्वान्हरूसँग भेटघाट गर्ने र उहाँहरूको तर्फबाट अध्ययन गर्ने विचार थियो । तर बम्बई पुग्नासाथ उहाँले थाहा पाउनुभयो कि बुद्धधर्म अध्ययन गर्न त श्रीलंका जानुपर्ने रहेछ ।

त्यसैले उहाँ सन् १९०३ को जुलाई महिनामा श्रीलंकाको कैण्डी (Kandy) मा पुग्नुभई त्यहाँको प्रसिद्ध मलवत्ते विहार (Malvate Vihara) का लाइब्रेरियन भिक्षु शीलानन्द थेरसँग सम्पर्क

राख्नुभयो । आण्टोन गोडले त्यहाँ केही दिन रहनुभएको बेला एक अङ्ग्रेज भिक्षु 'आनन्द मेत्तेय्य' वर्मामा रहनुभएको कुरा थाहा पाउनुभयो । त्यसैले उहाँलाई श्रीलंकामा भन्दा बर्मामा गई आफ्नै भाषाको माध्यमले बुद्धधर्म अध्ययन गर्ने सुअवसर प्राप्त हुने कुरा महसूस गरी उहाँले विहार प्रबन्धक 'रिचार्ड पेरेरा' (Rechard Perera) सँग आनन्द मेत्तेय्यको ठेगाना प्राप्त गरी बर्मा प्रस्थान गर्नुभयो ।

उहाँ बर्मा पुग्नासाथै सन् १९०३ को सेप्टेम्बर महिनामै ऊ. आसभ थेर (U.Asabha there) को हातबाट श्रामणेर हुनुभयो र त्यहीं एक महिनासम्म भिक्षु आनन्द मेत्तेय्यसँग एकै कोठामा रहीं अध्ययन गर्नुभयो ।

उहाँ श्रामणेर हुनुभएको ५ महिनापछि २६ वर्षको उमेरमा सन् १९०४ को फरवरी महिनामा फेरि 'क्यून्डाउ क्याउङ्ग' बिहार' (Kyundaw Kuang Monastery) मा ऊ. **कुमार महास्थविर** (U-Kumar Mahathera) को तर्फबाट उपसम्पदा प्राप्त गर्नु भई भिक्षु ञानातिलोक हुनुभयो ।

उहाँले पालिभाषा अध्ययन गर्नुभयो । ६ महिनाभित्रै वहाँले अन्य भिक्षुहरूसँग पालिभाषाबाट नै पूर्ण रुपले वार्तालाप गर्न समर्थ हुनुभयो ।

उहाँ ध्यानाभ्यास गर्नेतर्फ पनि लाग्नुभयो । अत: त्यसको निमित्त सन् १९०४ को अन्ततिर भारतका एक **भिक्षु धर्मान्द कौसाम्बी** (सन् १८७६-१९४७) सँग साथ लिई बर्माको उत्तरी भेगमा जानुभयो, जहाँ एक अर्हत् (जीवनमुक्त) मानिएका एक भिक्षुको तर्फबाट ध्यानाभ्यासको सञ्चालन भइरहेको थियो ।

सन् १९०५ मा भिक्षु ञानातिलोक बर्माबाट श्रीलंका आउनुभयो र अंगुत्तर निकाय-जर्मनभाषामा अनुवाद गर्नुभयो जसको पहिलो भाग सन् १९०७ मा जर्मनबाटै प्रकाशित भयो ।

यसैबेला उहाँले एक प्रसिद्ध किताबको रचना गर्नुभयो जुनमा त्रिपिटकको मात्र शब्दले आर्यसत्य र अष्टांगिक मार्गको विश्लेषण भएको थियो । यसको पहिलो प्रकाशन सन् १९०६ मा 'The word of the Buddha' को नामले भएको थियो । यसको अङ्ग्रेजी संस्करण सन् १९७८ सम्ममा १५ पटक भइसकेको थियो । यसको संस्करण श्रीलंकामा १०,००० कापी छापिएको थियो ।

यस किताबको अनुवाद बंगाली, चेक, फिनिश, फ्रेन्च, हिन्दी, नेपाली, इटालियन, जापानी, जावाली, पोलिश, रसियन र थाई आदि भाषामा पनि प्रकाशित भइसकेको छ ।

सन् १९०६ मै ञानातिलोक, थाइलैण्डका एक राजकुमार प्रिज्डाङ चोम्से (Prince Prisdang Chomsey) को राजनैतिक कारणले आफ्नो देश छोडेर आउनुभई श्रीलंकामा भिक्षु जिनवर वंश (Bhikku Jinavara Vamsa) को नामले उपसम्पन्न भएका थिए, सँग मात्तरको नजिक एक टापुमा रहनुभएको थियो जुन टापुलाई गालगोडियाना (Galgodiyana) पनि भनिन्छ तर भिक्षु जिनवरवंशले यस टापूलाई 'चूललंका' नामकरण गरिराख्नुभएको थियो ।

सन् १९०६ मै भिक्षु ञानातिलोक बर्मा जानुभएको थियो । त्यहीं उहाँले जे.एफ.एम.केखनी (J.F.M. Kechnie) नामक एक अङ्ग्रेजलाई शासन वंशको नामले श्रामणेर गर्नुभयो, जो पछि गएर भिक्षु शीलाचार (सन् १८७१-१९५१) को नामले सुविख्यात हुनुभयो ।

संन् १९०६ पछि भिक्षु ञानातिलोक यूरोप भ्रमणमा जानुभयो र जहाँ तहाँ (विभिन्न मुलुकहरूमा) आफ्ना शिष्यहरू बृद्धि गर्दै लगे। जसमा भिक्षु वप्प, कोण्डञ्ञो प्रमुख हुन आउँछ। भिक्षु वप्प (सन् १८७४-१९६०) पनि बर्मा मै सन् १९१४ मा उपसम्पन्न हुनुभएका भिक्षु कोण्डञ्ञमात्र यूरोप भूमिमा पहिलो पटक भिक्षु ञानातिलोकको हातबाट श्रामणेर हुनुभएको थियो।

उहाँहरू दुबैजनालाई साथ लिई भिक्षु ञानातिलोक सन् १९११ मा श्रीलंका फर्कनुभयो।

एक दिन, ९ जुलाई १९११ को दिन भिक्षु कोण्डञ्ञले आफूले मन पराएको एउटा सानो टापू, पोलगासडुव (Polgasduva) भिक्षु ञानातिलोकलाई देखाउन लग्नुभयो, जुन टापू (Island Hermitage) पछि गएर पश्चिमी बौद्ध भिक्षुहरूको प्रमुख केन्द्र रहन गयो।

यसै वर्ष (सन् १९१४ मै) भिक्षु ञानातिलोकको शिष्यमण्डलीमा एक सिंहली युवक, राजासिंह, (Raja singhe) 'ञानातिलोकको नामले श्रामणेर हुनुभएको थियो। उहाँ उदार चरित्रको भिक्षु हुनुभएको कारणले पश्चिमबाट आउनु हुने कतिपय भावी बौद्धहरूलाई श्रमित छाप रहन गएको थियो। भिक्षु ञानातिलोकको प्रतिभा, प्रतिस्था, प्रशासकीय कार्यकुशलता आदि गुणको कारणले गुरुवर भिक्षु ञानातिलोक महास्थतिवर पनि निकै प्रभावित हुनुभएको थियो, त्यसैले होला गुरुवर ञानातिलोकको देहान्तपछि त्यस 'द्वीप आश्रम' (Island Hermitage) को प्रमुख उहाँलाई नै जीवनभर नियुक्त गरेको थियो। उहाँको निधन सन् १९७६ मा भयो।

यस संसारमा, सन् १९१४ देखि प्रथम विश्व युद्ध सुरु हुनाले, श्रीलंकामा रहनुभएका जर्मनका ती भिक्षुहरू, भिक्षु ञानातिलोक प्रमुख लगायतलाई 'द्वीप आश्रम' मै कडाईका साथ (रखवाला भएको) रहनु परेको थियो याने द्वीप आश्रमबाट कहीं जान नपाउने गरिदिइएको थियो। फेरि उहाँहरूलाई द्वीपआश्रमबाट दियातलाव (Diyatalawa) मा नजरबन्द गरियो, त्यहाँबाट फेरि भिक्षु ञानातिलोक चीन जानुभयो। यसरी एक ठाउँबाट अर्को ठाउँमा, एक देशबाट अन्य देशमा गइरहनु पर्नाले उहाँको स्वास्थ्यमा समेत धक्का पर्न गएको थियो। उहाँले चीनको हान्चाऊ (Hanchow) जेलको अनुभव पनि प्राप्त गर्नुपरेको थियो। अन्तमा, सन् १९१९ को सुरुमा उहाँलाई जर्मन फर्कन बाध्य गरियो, यो नै उहाँको आफ्नो जम्मभूमिको अन्तिम प्रवास वा दर्शन हुन गयो।

विश्व युद्ध सकिनासाथ, श्रीलंकामा जर्मन नागरिकहरूलाई धेरै वर्षसम्म आउन नपाउने गरी रोक लगाइदियो, तापनि भिक्षु ञानातिलोक भिक्षु वप्पलाई साथ लिइ जर्मनका एक सम्पन्न कुलका इल्ज बुचोल्त्ज (Else Bucholtz) नामक एक महिला, जो पछि सन् १९२६ मा उप्पलवण्णा (Uppalavanna) नामले अनगारिका हुनुभयो, लिई सन् १९२० मा श्रीलंकाको निमित्त यात्रा शुरु गर्नुभयो।

उहाँहरू कोलम्बो बन्दर्गाहमा पुग्नासाथ, भिक्षु ञानातिलोकका सिंहली साथीहरूको अनुनयविनयले पनि केही शीप नलागेकोले उहाँहरूले जापान जाने निश्चय गर्नुभयो, जहाँ भिक्षु ञानातिलोकले हाईस्कूल र विश्व विद्यालयमा गरी ५ वर्ष अध्यापनको कार्य गर्नुभयो।

आखिरमा, सन् १९२६ मा, १२ वर्षपछिमात्र

बल्ल उहाँहरू श्रीलंका फर्कन सफल हुनुभयो ।

भिक्षु ञानातिलोक 'द्वीपआश्रम' मा आउनु भएपछि आश्रममा फेरी विदेशहरूको आवागमन शुरु भयो, जो बुद्धधर्म अध्ययनको निमित थियो जसमा सन् १९२८ मा ई.एल. हफ्मान (E.L. Hoffman), जो पछि लामा अनगारिक गोविन्दको नामले प्रख्यात हुनुभयो, उहाँ 'द्वीपआश्रम' मा केही समयमात्र रही पालिभाषाको अध्ययन गरी वरियागोड (wariya goda) को पहाडी आश्रममा रहन जानुभयो ।

उहाँपछि जर्मनका अन्य दुईजना व्यक्तिहरू द्वीपआश्रममा सन् १९३६ मा पुग्नुभयो, त्यही वर्ष श्रामणेर भई सन् १९३७ मा उपसम्पन्न हुनुभयो । उहाँहरू हुनुहुन्छु भिक्षु ञानसिरि र भिक्षु ञानपुण्णिक (bhikkhu nyanasiri and bhikkhu nyanaponnik) । उहाँहरूपछि फेरी चेकोस्लाभकिया (Czechoslovakia) बाट एक अन्य व्यक्ति आउनुभयो, जो सन् १९३६ मा उपसम्पन्न भई भिक्षु ञानसत्त (Bhikkhu Nyanasatta) को नामले प्रसिद्ध पाउनुभयो ।

भिक्षु ञानातिलोक महास्थविरलगायत अन्य उहाँका जर्मन शिष्यहरू सन् १९३६ देखिशुरु भएको दोस्रो विश्वयुद्धले एकचोटी फेरि नजरबन्दको रुपमा रहनुपर्‍यो । उहाँहरूलाई सन् १९३६ देखि १९४२ सम्म श्रीलंकाकै दियतलाव (Diyatalawa) भन्ने ठाउँमा राखियो, फेरि भारतको देहरादूनमा ल्याइएको थियो । सदा जागरुक रहिरहने (अश्रान्त) भिक्षु ञानातिलोक महास्थविरले दियतलावको कैम्प (एकै ठाउँमा रहनुपर्ने स्थान) मा रहनुभएको बेला 'विशुद्धिमार्ग' ग्रन्थलाई पूर्णरुपले जर्मनभाषामा अनुवाद गर्नुभएको थियो त सन् १९४२ देखि १९४६ सम्म देहरादूनको सेन्ट्रल कैम्पमा रहनुभएको बेला 'बौद्ध शब्दकोष' (Buddhist Dictionary) तयार गर्नुभएको थियो ।

युद्ध सकिनासाथ सन् १९४६ को शरद् ऋतु (Autumn) मा भिक्षु ञानातिलोक महास्थविर र अन्य भिक्षुहरू पनि सीधा (विना झंझट) श्रीलंकाको फर्कनु भयो । यसको श्रेय श्रीलंकाको पहिलो प्रधानमन्त्री डी.एस. सेना नायक (D.S. Senanayak) लाई छ, यहाँले नै उहाँहरूलाई श्रीलंका फर्काउन मध्यस्थता गर्नुभएको थियो ।

युद्ध अवधिभित्र, महास्थविरको अनुपस्थिति भएतापनि भिक्षु ञानालोकले जुन तवरले द्वीपआश्रमलाई रक्षामात्र गरेको नभई आश्रमलाई सम्पन्न र सुदृढ गरिराखेको देखि महास्थविर ज्यादै खुसी हुनुभयो र आफनो सिंहली शिष्यलाई धेरै धन्यवाद दिनुभयो ।

उहाँलगायत उहाँका जर्मन शिष्यहरूलाई पनि पहिलो विश्वयुद्धको समयमा जस्तो त्यति कठिनाई सहनुपरेको थिएन । यसपटक उहाँहरूलाई अनुकूल वातावरण प्राप्त भएको थियो, साहित्यिक कार्य पनि पूर्ण रुपमा गर्न पाइएको थियो ।

सन् १९४८ मा श्रीलंका पनि ब्रिटिश उपनिवेशबाट मुक्त भयो । अत: श्रीलंका सरकारले भिक्षु ञानातिलोक महास्थविरलाई श्रीलंकाको नागरिकता पनि प्रदान गर्‍यो ।

उता आफनो देश (संघीय गणतन्त्र जर्मनी) ले पनि उहाँहरूको विद्वत्ता, साहित्यिक कार्य (पालि साहित्य वाङ्मयमा) तथा विभिन्न देशहरूसित मित्रता (आपसी सम्बन्ध) बढाइदिएकोमा प्रफुल्लित भई

स्थानीय वा देश 'ओरियन्टल सोसाइटी अफ जर्मन' (Oriental society of germany) ले सन् १९५५ मा 'अभिनन्दन पत्र' पठाएको थियो, जुन मानपदक श्रीलंकाको निमित्त तत्कालीन जर्मनी राजदूत डा. जर्ज आहरेन्स (Dr. Georg Ahrens) ले भिक्षु ञानातिलोक महास्थतिवरलाई प्रदान गरियो ।

त्यस्तै बर्मा सरकारले पनि सन् १९५१ मा भिक्षु ञानातिलोक महास्थविर र उहाँका एक शिष्य भिक्षु ञाणपुण्णिकलाई छट्ठ संगायनको प्रबन्ध मिलाउन वा सरसल्लाह गर्न विशेष आमन्त्रण गरेको थियो, जुन संगायना सन् १९५४ देखि शुरु भई १९५६ मा अन्त भएको थियो

यस छैठौं संगायनामा प्रमुखत:५ वटा स्थविरवादी राष्ट्रहरू लंका, बर्मा, थाइलैण्ड, लाओस र कम्बोडियाका गरी २५०० भिक्षुहरू रही सम्पन्न भएको थियो जसमा पश्चिमी बौद्ध भिक्षुहरूमा उहाँहरू दुईजनामात्र थिए। भिक्षु ञानातिलोक महास्थविर संगायनाको प्रथम सन्नि पात (अधिवेशन) सिध्याई श्रीलंका फर्कनुभएको थियो । सन् १९५४ को यस संगायनामा भएको उपस्थिति नै उहाँको अन्तिम बर्मायात्रा हुन गयो ।

सन् १९५२ देखि ञानातिलोक महास्थविर कैण्डी नजिकको बनआश्रम (Forest Hermitage) मा रहनुभयो । उहाँ गलाको रोगले पीडित हुनुहुन्थ्यो, त्यसैले संगायनमा उहाँको सन्देश भिक्षु ञानपुण्णिकले सुनाउनु भएको थियो । सन् १९५४ को मध्येमा उहाँ फेरि बिरामी हुनुभयो र धेरै समयसम्म कैण्डी अस्पतालमा रहनुभयो । सन् १९५५ को जनवरी महिनामा उहाँ शल्यचिकित्सा (Operation) गर्न कोलम्बो जानुभयो र शल्यचिकित्सापछि स्वास्थयमा केही सुधार भयो, तैपनि उहाँले आफनो शिष्य ञानपूणिकलाई भन्नुभएको थियो 'I Shall not reach my 80th year' ।

हो पनि, उहाँ माथि फेरि सन् १९५५ को अन्ततिर फेरि रोगले चाप्यो, हर प्रयास गरेर पनि नभई २८ मे १९५७ को दिन, ७९ औं जन्मदिनको ३ महिनापछि भिक्षु ञानातिलोक महास्थविरले आफनो जीनव धारा समाप्त गर्नुभयो ।

उहाँको शव यात्रा २ जून १९५७ को दिन कोलम्बोमा सम्पन्न भएको थियो, जुन शवयात्रामा जर्मनी राजदूत, श्रीलंकाका तत्कालीन प्रधानमन्त्री एस.डब्ल्यू. आर डी.(सन् १८९९ १९५९ ) लगायत श्रीलंकामा रहेका तीनै निकाय (श्याम निकाय, अमरपुर निकाय र रामञ्ञ निकाय) का सम्पूर्ण भिक्षुहरू समावेश भएका थिए ।

९ जुन १९५९ का दिन दाहसंस्कारबाट प्राप्त केही अस्थिहरू 'द्वीपआश्रम', दोदनदुव (Doaanduwa) मा ल्याइएको थियो । तीनै अस्थि राखी त्यहाँ एउटा स्मारक (महास्थविरको स्मृति स्वरुप) पनि निर्माण गरेको थियो जुन स्मारकमा ती धम्मपद (गाथा) लाई पालि, सिंहली, जर्मनी र अंग्रेजी गरी ४ भाषामा उद्धत (कुँदिएको) गरिएको थियो जुन गाथा भिक्षुअस्सजित (पञ्चवर्गीयमध्ये एक) ले उपतिस्स ( सारिपुत्र) लाई सुनाएको थियो । त्यही गाथाबाट प्रभावित भई उपतिस्स बुद्धधर्ममा आकर्षित भई अग्रश्रावक समेत हुनु भएको थियो । ती गाथा हुन्

ये धम्मा हेतुप्पभवा, तेसं हेतु तथागतो आह ।
तेसं च यो निरोधो, एवं वादी महासमणो ॥

❖❖❖

# परमाणुवादी वैशेषिक दर्शन

✍ प्रधान

प्राचीन भारतको सबभन्दा यथार्थवादी र क्रमबद्ध दार्शनिक पद्धतिमा वैशेषिक दर्शनलाई मानिन्छ । यसका प्रस्थापक कणाद ऋषि मानिन्छ । उनी ईशा पूर्व दसौं र छैठौं शताब्दीको मध्यमा रहेको अनुमान गरिन्छ ।

प्रकृति र ब्रम्हाण्डको विशिष्ठ गुणहरू र तिनीहरूका विशिष्ठताहरूको हरेक पक्षको अध्ययनबाट नै त्यसको आधारभूत यथार्थलाई राम्रोसँग सम्झन सकिन्छ । कणादको यसै विश्वासको कारणले यस दर्शनको नाम वैशेषिक भएको हो । (१)

वैशेषिक प्रणाली अनुसार अलग-अलग हिस्सा मिलेपछि सम्पूर्ण बन्छ । प्रत्येक वस्तुलाई स-साना भागमा विभाजित गर्न सकिन्छ । भौतिक वस्तुको सबभन्दा सानो टुक्रा कण हुन्छ, जसलाई टुक्क्रायपछि परमाणु भनिन्छ । भौतिक जगतको सबै वस्तुको विकास त्यसै परमाणुबाट भएको हो । परमाणु सान्है सानो टुक्रा हो जसलाई विभाजित गर्न सकिन्न । ... परमाणु शाश्वत (चिरस्थायी) र अनश्वर (अविनाशी) छन् । यही नै सारा ब्रम्हाण्डको आधार हो । ... परमाणु न त मृत हो, न निस्क्रिय र न स्थैतिक (अचल ?) छ । आफ्नै गुणको आधारमा त्यो परिवर्तन र परिचालित हुन्छ । यस प्रकार त्यो सतत गतिशील रहन्छ ।

कुनै वस्तुको अभाव त्यतिकै वास्तविक छ जति वस्तुको अस्तित्व ।

कणादको भनाईअनुसार- धर्मले ईश्वर अथवा कुनै दैवी र शास्वत नियतिमा विश्वास गर्दैन बरू धर्म त्यो हो जसमा प्रगति र अन्तिम कल्याण सम्भव छ । वास्तविक तत्त्वहरूको ज्ञानबाटै स्थाइ कल्याण प्राप्त गर्न सकिन्छ ।

कणादले कर्म शब्दको प्रयोग व्यापक अर्थमा गरेका छन् । कर्मलाई कृ धातुबाट लिइएको हो, जसको अर्थ हो गर्नु ।

कणादको भनाइमा कुनै गुण तब सामान्य मानिन्छ जब त्यो धेरैमा पाइन्छ । त्यसलाई विशेष गुण भनिन्छ जब एक वस्तु अरुबाट भिन्न बन्छ ।

कणादले स्पष्ट घोषणा गरे - यस जगतको आदि कारण ब्रम्ह होइन बरु शाश्वत परमाणु हो, जसको निर्माण कसैले गरेको होइन । परमाणु गतिशील भएको हुनाले एक -अर्कासँग जुड्ने र मिसिने प्रवृति रहन्छ । यसकारण संसारको उत्पतिको निम्ति कुनै बाहिरी शक्ति र प्रेरणाको आवश्यकता छैन ।

*१) भारतीय चिन्तन परम्परा- के. दामोदरम -१८० यस प्रकार सांख्य दर्शन जस्तै वैशेषिक पनि मूलतः एक तर्क संगत भौतिकवादी दर्शन हो। भारतको सामन्तकालमा त्यसलाई अनेक प्रकारले भाचकुज गरियो। (२)*

कणादले भने - चेतना, संज्ञान, बुद्धि इत्यादि पदार्थबाट स्वतन्त्र क्रियाशील आत्माको अन्तर्निहित गुण होइन। यसको उल्टो तिनीहरू पदार्थको संश्लिष्ट सम्मिश्रणको उपज हो।

वैशेषिक प्रणाली अनुसार - बाहिरी वस्तुहरूको पदार्थलाई स्विकार गर्ने एक मात्र कसी हाम्रो अनुभव हो।

कणादको समयबारे पनि मतभेद देखिन्छ। कणादलाई बुद्धभन्दा पहिलेको मान्न तयार नभएको पनि देखिन्छ। (३)

कणादलाई खसेको वस्तु खाने, विद्याभन्दा लक्ष्मी वा धनसँग सम्बन्धित वा लाटोकोसेरोको रुपमा सम्झिन्ने भनेर वदनाम गरेको देखिन्छ।

बाह्य जगतलाई मानव अनुभूतिको अपूर्व तर्क संगत र प्रामाणिक रुप दिएर वैशेषिक दर्शनले भौतिकवादी सिद्धान्तलाई नै पुष्टी गर्‍यो। प्रकृतिको विश्लेषण गरेर त्यसको आधारभूत तत्वलाई पत्ता लगायो, त्यसको अविभाज्य अणुहरू र त्यसको आपसी क्रिया- प्रतिक्रियाको ज्ञान हासिल गर्‍यो। वैशेषिकको यो अणु संघातवाद अथवा आणविक बहुलवाद (Atomistic Pluralism) जगतको रुपमा व्याख्याको अर्थ लगाइयो। (४)

वैशेषिक र न्याय दर्शनको -परमाणु, सामान्य, द्रव्य, गुण, अवयवी आदि तत्त्व (दर्शन) यवन-दर्शनबाट प्रभावित छ।

राजधानी पुरुषपुर (पेशावर) - शुक्र, यवन, तुरुष्क (तुर्क), पारसी र भारतीय संस्कृतिको समागम स्थल हो। (५)

गुप्त काल दार्शनिक विचारधाराहरूको खूब प्रचार र छलफलको समय थियो। प्रचलित दार्शनिक विचार ६ विचारहरूमा फेरियो। ती विचारधाराहरूलाई षड्दर्शन भनियो। षड्दर्शन भारतीय दर्शनको मूल स्वरुप भयो। ६ विचारधाराहरू न्याय, वैशेषिक, सांख्य, योग, मीमांसा र वेदांत हुन्। (६)

'विशेष' शब्दको कारणबाटै वैशेषिक दर्शनको नाम दिइएको हो। यस दर्शनले विश्वको फरक-फरक वस्तु, विशेषगरि फरक-फरक प्राणी र परमाणुहरूमा नै विशिष्ट रुप विद्यमान हुन्छ। ती फरक-फरक वस्तुहरूमा आपसी सम्बन्ध भएपनि विशेष भिन्नतालाई ध्यान दिने दर्शन हो। सारमा वैशेषिक दर्शन वस्तुको पृथकता जनाउने दर्शन हो। यो दृष्टीकोण कल्पनापरकभन्दा वैज्ञानिक छ, संस्लेषणपरक नभई विश्लेषणात्मक छ, तर पनि यसले विश्वलाई एक एकाईको रुपमा कहिलेपनि विर्सन सक्दैन। (७)

---

*२) उही पाना-१६९*

*३) दर्शन- दिग्दर्शन- राहुल-पाना ५८३*

*४) भारतीय समाजको ऐतिहासिक विश्लेषण - भगवती शरण उपाध्याय*
*प्रथम संस्करण -१९५० - प्रकाशक -जनवादी प्रेस एण्ड पब्लिकेशन लि. गोदैलिया बनारस- पृष्ठ ५०*

*५) बोल्गादेखि गंगासम्म (हिन्दी), राहुल - पाना -२१९*

*६) प्राचीन भारत (एक रुप रेखा) - डी.एन.झा. -पाना -११८*

*७) भारतीय दर्शन - डा. राधाकृष्ण राजपाल, संस्करण - २०१७, पृष्ठ -१५१*

❖❖❖

# हिन्दू राष्ट्रको बेमौसमी धून

✍ सुरेश ज्योति

मौसम अनुसार नमिल्ने धूनलाई बेमौसमी धून भनिन्छ भन्नेकुरा नेपाली जनतालाई भनी राख्नुपर्ने कुरा होइन । आज भोलि यस्तै बेमौसमी धून हिन्दूवादी नेताहरूले अलाप्दै छन् । यसमा केही राजनैतिक पार्टीहरू, केही भ्रष्ट नेताहरू, खाइपाइ आएको अधिकार खस्छ भन्ने मानसिकता बोकेका केही धर्मगुरु । बुद्धीजीविहरू आदि पर्छन् । वाहाँहरूको माग थियो -नेपाललाई हिन्दू राष्ट्र बनाएर नै छाड्ने र हिन्दू राष्ट्र बीना नेपालको पहिचान समाप्त हुन्छ । वाहाँहरूलाई दैवी विपत्ती, मानव विपत्ती, भ्रष्टाचारी तन्त्र, गरीबहरूको गरिबी, यूवा शक्ति-शिक्षित व्यक्तिहरू पलायन हुनुपर्ने आदि कुराको त्यति चासो छैन । नेपाल राष्ट्र कुन कारणले पिछडियो भन्ने पनि चासो छैन । असारमा आँखा फुटेको गोरुले सधैं हरियो देखेझै पञ्चायत कालमा स्वाद चाखेका केही नेताहरूले पनि सधैं हिन्दू राष्ट्र मात्र देख्छ । संसार कहाँ पुगिसक्यो भन्ने कुरा उनिहरूलाई चासोको विषय हैन ।

सर्वप्रथम हिन्दूराष्ट्र बनाएरै छाड्ने तपाइँ नेताहरूलाई म प्रश्न गर्छु, हिन्दू शब्द नेपालको मौलिक पहिचान हो कि हैन ? हिन्दू शब्द प्रचीन वेद, उपनिषद, स्मृति, पुराण आदिमा छ कि छैन ? हिन्दू भाषा, जाती, धर्म, क्षेत्र (भूमि) कुन सित सम्बन्ध छ ? हिन्दू शब्द पुरानो हो कि नेपालको स्वतन्त्र नाम पुरानो हो ? यस्ता आदि विषयमा राम्ररी अध्ययन-अनुसन्धान गरेर निर्णय गर्नुपर्ने आवश्यक हुन्छ । कसैले तिम्रो कान कागले लग्यो भन्दैमा कान नछाम्दै कागको पछि गयो भने दुःख पाउँछ भने जस्तै यस्ता नेता गुरुहरूको लै लैमा गयो भने भविष्यमा नेपाल शब्दको स्वतन्त्रता, सार्वभौमिकता र पहिचानमा नै ग्रहण लाग्न सक्छ । किनभने हिन्दू राष्ट्र र हिन्दूस्थान भनेको एउटै अर्थ हो ।

जहाँसम्म हिन्दू शब्द खोतल्ने बेला हिन्दू शब्द भारत वर्षको संस्कृत, असंस्कृत भाषामा लेखेको प्राचीन वेद, उपनिषद, पुराण, महाभारत, रामायण, स्मृती बौद्ध ग्रन्थहरू पारिजात हरण, कालीका पुराण, अद्भूत रामायण, अखवर उपनिषद आदि अमरकोषमा पनि उल्लेख भएको देखिदैन । निकैपछि १३, १४ शदी तिर रचना गरेका केही ग्रन्थहरू मौर्य अभिलेखहरू, गुप्त अभिलेखहरूमा कतै उल्लेख भएको देखिन्दैन । सबभन्दापछिको ग्रन्थहरूमा हिन्दु शब्दको विषय लिएर आदि इत्यादि अर्थ दिइएको देखिन्छ । यस कारणले हिन्दु शब्दको विषयमा अध्ययन अनुसन्धान गर्दा निचोड यसरी आउँछ । १) ***हिन्दु शब्द सबभन्दा पहिले अभारतीय***

***(विदेशी)हरूले प्रचलनमा ल्याएको हो ।***

आर्यहरूको रगत नाता भएको छिमेकी देश इरानी (पारसी) हरूले 'स' को उचारण 'ह' भनेर व्यक्त गरिन्थ्यो यसकारणले सप्तसिन्धुको भुमिमा बस्न आएका आफ्ना रगत सम्बन्धित भाइहरूको देशलाई उनीहरू हप्त, हिन्दु भनेर सम्बोधन गर्थ्यो (१) यहीं शब्दबाटपछि हिन्दू भएर गएको हो ।

***२) सप्तसिन्धुको अर्थ सातवटा नदी र भुमि देखाउँछ ।***

ऋग्वेद ग्रन्थमा सप्त सिन्धु नामको धेरै ठाउँमा उल्लेख भएको छ । (२) जुन सप्त सिन्धुको अर्थ सातवटा नदीहरूलाई सम्बोधन गरेको छ भने सात वटा नदीहरूको भुमिलाई सम्बोधन गरेको थाहा हुन्छ । सप्त सिन्धु अर्थात सातवटा नदीहरूको नाम पश्चिमबाट पूर्व तर्फ यसरी वर्णन गरेको छ - (१) परुष्णी (२) असिकनी (चन्द भागा) (३) विपाट (विपाश) (४) वितस्ता (जेहलम) (५) सिन्धु (६) सुतुद्री(७) सरस्वती । (३) यी सात नदीहरूलाई नै आर्यहरूको पवित्र आर्यावर्तको भुमि मानिन्थ्यो । त्यस बेला यमुना, गंगा, तराईं, पहाड, हिमालको भुमिमा अनार्थ अर्थात किराँतहरूको बसोबास थियो । ती भूमिहरू निकै पछि मात्र आर्यहरूको प्रभूत्वमा आएको थाहा हुन्छ । यस कारणले ऋग्वेद कालमा आर्यहरूको लागि गंगा यमूना महानदीलाई त्यती पवित्र मानिन्दैनथ्यो । यसबाट बुझ्नुपर्ने कुरा सिन्धुबाट हिन्दू भएको भए वास्तविक हिन्दू भूमि सप्तसिन्धुको भूमि पर्छ जुन भूमि आजभोलिको भाषामा पाकिस्तान र पञ्जावको भूमि पर्छ । सम्पूर्ण भारतवर्ष हिन्दू भूमि पर्दैन । त्यसपछिको ऐतिहासिक ग्रन्थहरू महाभारत, रामायण, बौद्ध ग्रन्थ त्रिपिटकमा पनि सिन्धु नामको स्वतन्त्र राज्य अस्तित्वमा आइरहेको उल्लेख भएको देखिन्छ । जुन राज्य जम्बू द्विप (भारतवर्ष)को उत्तर पश्चिम भागको एउटा स्वतन्त्र राज्य देखाएको छ । यसकारण हिन्दूको अर्थ नदी र भूमिको नाम बुझ्नु पर्छ । धर्मसित यसको सम्बन्ध छैन भन्ने कुरा पनि बुझ्नु पर्छ । नेपाल हिन्दू राष्ट्र कसरी हुन्छ ?

***३) हिन्दूबाट इन्दू र इन्द्रबाट इंडिया** (India)*

पश्चिमबाट आएका ग्रीसहरूले 'ह' अक्षर उचारण गर्न जान्दैनथ्यो । 'ह' को ठाउँमा 'अ' र 'हि' को ठाउँमा 'इ' उचारण गर्थे । यसकारणले हिन्दूबाट इन्दू वा इंडस भएको हो ।

प्राचीन पारसीहरूले राखेको जुन हिन्दू नामपछि मुस्लिमहरूले भारतवर्ष विजय गरिसकेपछि जुन देशले हिन्द र याहाका आदिवासीहरूलाई हिन्दू भनेर सम्बोधन गरेका थिए । यसरी नै प्राचीन ग्रीसहरूले सम्बोधन गरेका इन्दू र इंट्स नाम भारतवर्षमा अङ्ग्रेजहरू प्रवेश भइ विजय गरिसकेपछि यो देशको नाम इंडिया र याहाका आदिवासीहरूलाई इंडियन नामबाट सम्बोधन गरेका हो । वर्तमान भारतलाई अहिलेसम्म पनि हिन्दूस्थान र इंडिया (इण्डिया) नामबाट सम्बोधन गरी आएको हामीले थाहापाएकै कुरा हो । हिन्दू र इन्दू एउटै अर्थ भएकोले नेपाल हिन्दू राष्ट्र भयो भनेपछि हिन्दु राष्ट्र हुँदै इंडियाको नामले पनि सम्बोधन गर्न सक्छ । त्यस बेला नेपालको पहिचान के हुन्छ ?

***४) नेपालको स्वतन्त्र नाम हिन्दू भन्दा पुरानो हो ।***

जस्तो भारतवर्षको प्राचीन अभिलेख, ग्रन्थहरूमा हिन्दू शब्द उल्लेख भएको छैन भने जस्तै नेपाल मण्डलको कुनै पनि कालखण्डको अभिलेखहरूमा हिन्दू शब्द उल्लेख भएको देखिदैन । आदिकालदेखि नै नेपाल स्वतन्त्र मुलुक भएर फलिफूली रहेको प्रमाण विनय संग्रह र कौतुल्यको अर्थशास्त्रमा उल्लेख भइरहेको छ । यसरी नै भारतवर्षका गुप्त सम्राट गुप्तले प्रायकोसमको अशोक स्तम्भमा कुंदाइ राखेको अभिलेखमा पनि नेपाल स्वतन्त्र राज्य हो भन्ने कुरा देखाएको छ । त्यसपछि नेपाल मण्डलमा करिब ७०० वर्षसम्म लिच्छविहरूको स्वर्णिम युग शुरु हुन्छ । यस अवधिभित्र राखेको करिब ३०० भन्दाबढी अभिलेख प्राप्त भइसक्यो । यति अभिलेखहरूमा पनि हिन्दू शब्द कतै पनि उल्लेख भएको देखिदैन । त्यस बेलाको धार्मिक, सामाजिक, राजनैतिक अवस्था बौद्ध र वैदिक परम्पराबाट प्रभावित थिए भन्ने कुरा स्पष्ट हुन्छ । त्यसपछि ने.सं. शुरु हुन्छ । ने.सं. को दोस्रो शदीसम्म पनि नेपाल मण्डलको सिमाना लिच्छविकाल जस्तै विशाल भएको थाहा हुन्छ । जब १२ औं शदीको अंत्यतीर भारतवर्षमा आएको राजनैतिक र साँस्कृतिक परिवर्तनले गर्दा नेपाल मण्डलको राजनीतिकमा पनि नराम्रो असर परेको देखिन्छ । जसले गर्दा पछि नेपाल मण्डल नै तीन टुक्रामा विभाजन भयो । जुन कर्णालीको खस राज्य, सिम्रनगढको डोय राज्य र नेपाल मण्डलको केन्द्र राज्य उत्पति भयो । इतिहासमा डोय र खस राज्यका रजौताहरूले आफूलाई नेपालका राजा भनेर कसैले पनि दावि गरेनन् । यसरी नै नेपाल मण्डलका राजाहरूले पनि नेपालको राजा हुँ भन्ने बाहेक हिन्दूपति, हिन्दूराजा भनेर कसैले पनि दावि गरेको देखिन्दैन । जुन क्रम पछिका विभाजित मल्ल राजाहरूले पनि हिन्दू शब्द कसैले पनि प्रयोग गरेको देखिदैन । नेपाल मण्डलमा छरिरहेका १०००० भन्दाबढी मल्लकालिन अभिलेखहरू साक्षी छन् ।

***५) नेपाल मण्डलमा हिन्दू शब्द ।***

लगभग १५ औं शदीतिर खस र डोय राज्य विघटन भइ सकेपछि बाइसे, चौबिसे राज्यहरू उत्पति भएको थियो । जुन राज्यका रजौटाहरू शाह, शेन, चन्द, राणा आदि वंशका केही सामन्त राजाहरूले हिन्दूपति भनेर विरुदावली लिएको देखिन्छ । यी राजाहरूले पनि आफूलाई नेपालको राजा भनेर कसैले दावि गरेको देखिन्दैन । किनभने यी राजाहरू धेरै जसो भारतबाट आएका राजपुतहरूको सन्तान भएकोले हो । यिनीहरू नेपालका आदिवासी हैनन् । गोर्खा राज्य बाइसे राज्य भित्रको एउटा सानो राज्य हो । राजा पृथ्वीनारायण शाहले नेपालमण्डलको पुन एकिकरण शुरु गरेर विजय गरी सकेपछि नेपाल मण्डल चारवर्ण छत्तिस जातको फूलबारी भएको सक्कली हिन्दूस्थान जस्तो देखेका थिए । किनभने त्यस बेला भारतवर्षको शासन सत्ता मुस्लिम र इसाइहरूको हातमा गइसकेको थियो । त्यस कारण भारतवर्ष नक्कली हिन्दूस्थान भइसकेको कुरा व्यंग्य गरेको थाहा हुन्छ । जे भएता पनि काठमाडौं उपत्यका

भित्र रचना गरेको सबभन्दा पुरानो हिन्दू शब्द भएको ग्रन्थ दिब्य उपदेशलाई नै मान्नुपर्छ।

### ६) *मुलुकी ऐन।*

बेलायतबाट फर्केपछि श्री ३ जंगबहादुर राणले नेपालका प्रजाहरूको लागि मुलुकी ऐन लागु गऱ्यो। जुन ऐन मनुस्मृतिको वर्ष व्यवस्थालाई जंगबहादुरले हिन्दू व्यवस्थाको नामबाट प्रचलनमा ल्याएको थाहा हुन्छ। त्यसपछि बौद्ध र बैदिक परम्पराबाट आइरहेको संस्कृतिलाई हिन्दू करण गर्दै राणाहरूले १०४ वर्षसम्म शासन गर्न सफल भएको थाहा हुन्छ।

### ७) *संविधानमा हिन्दू राज्य*

राजा महेन्द्रले संसदीय व्यवस्था कू गरेर २०१७ सालमा पञ्चायत घोषणा गरेको थियो। सबभन्दा पहिले लिखित रुपमा नेपालको पञ्चायती संविधानमा नेपाल हिन्दू राज्य भनेर २०१९ सालमा घोषणा गरेको थियो। यसबेलादेखि पञ्चायत र हिन्दू राज्य पर्यायवाची शब्द जस्तै भएको हो।

स्व. लोकदर्शन बज्राचार्य ज्यूबाट एक फेरा त्यसबेलाको घट्ना सुनाएको कुरा सम्झना आउँछ। नेपाललाई हिन्दू राज्य घोषणा गरी सकेपछि भारतका कुनै हिन्दूवादी महासंघबाट महेन्द्रलाई हिन्दू सम्राटको रुपमा अभिनन्दन गर्ने कार्यक्रममा बोलाएको थियो। जुन कुरा राजाबाट बज्राचार्यसित हुन्छ वा हुँदैन भनेर परामर्श लिएको थियो। बज्राचार्यज्यूले भनेको कुरा यदी तपाई हिन्दूहरूको मात्र राजा बन्नु हुन्छ। नेपालको सबै जाती, भाषा, धर्मको राजा हुने छैन। बज्राचार्यको जुन कुरालाई स्वीकार गर्दै अभिनन्दन कार्यक्रम इन्कार गरेका थिए। पछि राजा विरेन्द्रले २०४४ सालमा विश्व हिन्दू महासंघको आयोजनामा भएको हिन्दू सम्मेलनमा शंकराचार्यबाट हिन्दू सम्राट घोषित भएका थिए। सबभन्दा पहिले हिन्दू सम्रात हुने राजा विरेन्द्र नै मान्नु पर्छ। पछि राजा विरेन्द्रको अवसान भएको कुरा हामीले थाहा पाएकै कुरा हो। यसरी नै विरेन्द्रलाई हिन्दू सम्राट घोषणा गर्ने शंकराचार्य गुरुको गति पनि राम्रो नभएको कुरा भनी राख्नुपर्ने कुरा होइन। ३० वर्ष लामो पञ्चायती अवसानपछि २०४६ सालको जनक्रान्तिले राजाबाट बहूदल घोषणा गर्नु पऱ्यो। त्यसपछि आएको संविधान २०४७ मा पनि हिन्दू राष्ट्र कायम नै भयो। जुन जनताहरूको समान अधिकारको मागलाई वेवास्था गरी तत्कालिन नेताहरूले खोला तऱ्यो लौरा विर्स्यो भने जस्तै शासन गर्न थाल्यो। जसकारणले गर्दा संसारको उत्कृष्ट भनेको बहुदलीय प्रजातन्त्र पनि समाप्त भयो। २००० वर्ष पुरानो राजतन्त्र र ४४ वर्ष पुरानो हिन्दू राष्ट्र नाम पनि समाप्त भयो। जुन ६२-६३ सालको जनआन्दोलनको ठूलो उपलब्धी हो। यो क्रान्ति निकै वर्ष अगाडीदेखि असमानताको कारणले विस्फोटन भएको क्रान्ति हो। कतिले बलिदान दियो भनेर भनी राख्नुपर्ने कुरा होइन।

राजाले आफ्नो खल्तीबाट निकालेर दिएको पनि होइन। विदेशीहरूले ल्याएको पनि होइन। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जनताहरूले ल्याएको धर्मनिरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्र हो।

### *उपसंहार*

आजभोलिका राजनैतिक पार्टीका केही नेताहरू र केही बुद्धिजीविहरू समृद्धीको बाटो छेकेर नेपाली जनताहरूलाई उल्टोबाट हिडाउने

कोशिस गरिरहेको थाहा हुन्छ । बेमौसमे धून जस्तै कहिले राजतन्त्र फर्काउने, कहिले धर्मनिरपेक्षता हटाएर हिन्दू राष्ट्र नै कायम गर्ने, कहिले संघीयता भनेर देश टुक्रा गर्ने आदि कुरा गर्दै विवाद गराएर परिवर्तनको समयलाई वर्वाद गर्न खोजेको स्पष्ट हुन्छ । शिक्षित वर्गहरू, युवाशक्तिहरू कामको खोजीमा पलायन भइरहेको सबैले थाहा पाएको कुरा हो । भूकम्प, नाकाबन्दी, बाढी पहिरो आदिले सर्वसाधारणले कति दु:ख खेप्नु पऱ्यो । नेपालको त्यत्रो ऐतिहासिक सम्पदाहरू कहिले निर्माण गर्ने हो ? यस्तो प्रमुख कुरालाई वेवास्था गरेर हिन्दू राष्ट्र विना नेपालको अस्तित्व नै मेटिन्छ भनेर अलापिरहने नेताहरू, धर्मगुरुहरू साच्चिकै राष्ट्रवादी हुन सक्दैन । त्यो कुरा पनि विर्सनु हुँदैन की हिन्दू राष्ट्र र हिन्दू धर्म भनेको अलग-अलग विषय हो । धर्मले सधैं जोड्ने काम गर्छ भने सम्प्रदायले तोड्ने काम गर्छ । नेपालको जनताले सम्प्रदायभन्दा धर्मलाई महत्त्व दिन सके साँच्चिकै शान्ति र संतोषको अनुभव गर्न पाउँछन् ।

***केही ऐतिहासिक श्रोत***

१) "अकनूं विरहमने व्यास नाम आज हिन्द आमद वस दाना कि अकल चुना नस्त ।" (शातीर ग्रन्थको केही अंस)

२) "सविताले दाताको श्रेष्ठ रत्न दिएर सप्तसिन्धुहरू प्रकाशित गरे ।" (ऋ. १।३५।८)

३) "सात दिदी बहिनी जस्तै प्रसन्न भएकी सरस्वती हामीहरूले स्तुति गर्न योग्य छ ।" (ऋषि भरद्वाज-ऋ.६।६१।१०)

❖❖❖

# त: भुखाय् दुने बुद्ध जयन्ति

✍ सप्तचन्द्र बज्राचार्य

त:भुखाय् दुने भ्ती: दे: छगुलिं
सिना च्वनाया दु:ख हना च्वना
ख्वबीं प्यागु मिखा नुग: छगुलिं
स्याना च्वंगु मन घाना च्वना ॥

स्रष्टा ! छपिनि जन्मदी: थुकथं
हना च्वना ख्ववीं, धैर्य ज्वना ॥
जन्म हे मृत्यु धयागु थुया नं
त्रासया जीवन हना: च्वना
भुखाचं मथि:क स्वायेगु आशं
सुरक्षाया थाय् मालां च्वना ॥ स्रष्टा ! ॥

ग्वाहालि यायेत विश्व हे जाना
लोक: चा वयाच्वन राहत ज्वना
विश्व स्तभ: जुल नेपा ख्व: खना
ग्वाहालि मनेतया धितु धिना ॥ स्रष्टा ! ॥

सुनानं सुयातं मभि: स्वय् तंकेनु
जाय् भ्ती मागु दु छधिछपं जुया
विश्वं पाछिका ग्वाहाली कायेनु
ई:मखु ल्वायेगु देश थकायेनु ॥ स्रष्टा ! ॥

शील समाधी प्रज्ञा सकतां
जाय्केगु यायेनु लुतु लुना सां
बुद्धया शीक्षा न्यंकन विश्वय्
ह्वलेगु स्वयेनु सात्तु साला: सां ॥ स्रष्टा ! ॥

***बुद्ध जयन्ति (२०७२/१/२१)***


# बुद्धका आँखामा छोरा र छोरी

✍ बसन्त महर्जन

लैंगिक विभेदबाट समाज आक्रान्त छ । चेतना अभावमा यस्तो भएको हो । पढेलेखेका र जान्ने बुझ्ने वर्गका रूपमा पहिचान बनाएकाबाटै पनि विभेद भइरहेको तथ्यले मान्छे शिक्षित हुनु र चेतनशील हुनुमा फरक भएको दर्साउँछ । लैंगिक सवालमा शिक्षित वर्गमाथि यो आक्षेप मात्रै होइन किनभने नीति निर्मातामध्ये व्यक्तिगत रूपमा कसले कति विभेद कसरी गरिरहेको छ भन्ने सार्वजनिक नभए पनि उनीहरूबाट गरिने नीति निर्माण तथा फैसलालगायतका कुरा दस्तावेजका रूपमा सुरक्षित छन् ।

संविधानमा लैंगिक समानतालाई मौलिक हकका रूपमा राखिए पनि कार्यान्वयनमा उदासिनता यसको ज्वलन्त उदाहरण हो । कुरा चपाएर बोल्ने अर्को पक्ष त छँदैछ ।

बुद्ध र बौद्ध विषयवस्तुको अध्ययनमा लागेको हुँदा यस लेखकसँग लैंगिक विभेदका सवालमा बरोबर सोधनी हुने गर्दछ । 'बुद्ध र महिला' शीर्षकको एउटा पुस्तक नै प्रकाशित भइसकेको भएर पनि हुन सक्छ, यस विषय प्रसंगमा प्रश्न गर्न लेखकलाई उपयुक्त पात्रका रूपमा लिएको । यस सवालमा छलफल गर्नमा यो लेखक रुचि राख्छन् पनि ।



अतीतमा लैंगिक विभेद थिएन, अहिले मात्रै यो समस्या आएको भनी चल्तीको भाषा बोलेर समस्या समाधान हुँदैन । लैंगिक विभेद बुद्धकै बेलामा पनि चर्को थियो । महिलाका सवालमा वेदमा के कस्तो व्यवस्था थियो भन्ने सन्दर्भ चर्चाको अर्कै सन्दर्भ हुन्छ तर कतिपय ऋचाहरू लैंगिक दृष्टिले भेदभावपूर्ण र अमर्यादित भएको कुरालाई नकार्न सकिन्न । यस अवस्थामा वेदमा आधारित भनिएको वैदिक समाजदेखि नै महिलामाथि विभेद देखिनु नौलो कुरा भएन । वैदिक कालपछि उपनिषद्, स्मृति, पुराणलगायतका सन्दर्भमा महिलाप्रति अचाक्ली नै असहिष्णुता बढेकामा अब ढाकछोप गर्न नसकिने भइसकेको छ । यो असहिष्णुतालाई

सामाजिक विकृतिका रूपमा लिन सकिन्छ । यो विकृति बुद्धभन्दा निकै अघि नै मौलाइसकेको थियो र त्यही सामाजिक पृष्ठभूमिमा बुद्धलाई काम गर्नु परेको थियो ।

महावीरले महिलालाई भिक्षुणी बनाएर संभवत: पहिलो पल्ट क्रान्तिकारी पाइला चाले । तर उनको संघमा भिक्षुणीको उपस्थितिले विकृति आएको र कलह बढेको कुराबाट बुद्ध अनभिज्ञ थिएनन् । यसैले पनि हुनसक्छ, बुद्ध भिक्षुणी संघ बनाउन सुरुमा हच्किएका थिए ।

बुद्ध आफै पनि लैंगिकमैत्री थिएनन् । आफैले पनि छोराछोरीमा विभेद गरेको भन्ने आक्षेप वा मन्तव्य राख्ने चिन्तक, लेखक तथा प्रवचकहरू पाइन्छन् । यस्तो दृष्टिकोण राख्ने प्राय: धेरैले उल्लेख गर्ने प्रसङ्ग हो, महिलालाई भिक्षुणी बनाउने कुरामा बुद्ध सुरुमा इच्छुक थिएनन् । बुद्ध र बौद्ध धर्मका नाममा घरबार छाडेर प्रवजित भई परिव्राजक जीवन बिताउनेलाई भिक्षु भनिन्छ । धर्म अभ्यासका लागि यही जीवनशैली उत्तम रहेको मान्यता छ । गौतम बुद्धलाई वैशाख पूर्णिमा ९इ.पू. ५६३० का दिन बोधिलाभ भएको थियो भने असार पूर्णिमाका दिनमा मात्र धर्म प्रवचन दिएर औपचारिक रूपमा धर्मचक्र प्रवर्त्तन गरेका थिए । सारनाथमा पाँच पुरुषसमक्ष धर्म प्रवचन गरेका थिए भने ती पाँचै जनाले धर्मबोध गरी भिक्षु बनेका थिए । इतिहासमा यो घटना उल्लेखनीय छ । त्यसपछिका दिनहरूमा बुद्धले महिलापुरुष सबैलाई बिनाभेदभाव धर्मको उपदेश दिँदै हिँडे । अनुयायीहरूको संख्या दिन दुई गुना र रात चौगुनाका दरले वृद्धि भइरहेको थियो । पिता शुद्धोदनको देहावसान हुँदा बुद्ध कपिलवस्तुमै थिए ।

लोग्नेको मृत्युपछि माता प्रजापति गौतमीले आफूमा पनि वैराग उत्पन्न भएको र अब भिक्षुणी बनाई पाऊँ भन्ने याचना गरेकी थिइन् । त्यति बेलासम्म भिक्षु संघ मात्रै बनेको थियो, भिक्षुणी बनाइमाग्ने काम कसैबाट भएको थिएन ।

प्रजापतिको मागलाई अस्वीकार गरेर बुद्ध वैशाली फर्के । बौद्ध साहित्यअनुसार प्रजापति पनि चुप लागेर बसिनन्, कपिलवस्तुका अन्य पाँच सय महिलालाई पछि लगाएर भिक्षुणी बनाइमाग्न वैशालीसम्मै पुगिन् । सबै महिला सेतो लुगा लगाएर खाली खुट्टा हिँडेका थिए अर्थात् परिव्राजिका जीवन बिताउने यो प्रारम्भिक चरण हो । त्यही बेला भिक्षु आनन्दबाट बुद्धसँग सोधनी भयो, 'भन्ते, तथागत (बुद्धलाई सम्बोधन गर्ने अर्को शब्द) को धर्ममा महिलाहरूले पनि श्रोतापति फल, सकृदागामी फल, अनागामी फल र अर्हत फल (ज्ञानका स्तरहरू) को साक्षात्कार गर्न सक्छन् ?" बुद्धकै समकालीन महावीर (जैन) को पन्थमा महिलाले कैवल्य प्राप्त गर्न नसकिने मान्यता थियो । बुद्धले तत्कालै महिला पुरुष दुवै समान रूपमा धर्मलाभी हुन सक्ने जवाफ दिए । भिक्षु आनन्दले उसो भए प्रजापति र उनका साथीहरूलाई किन भिक्षुणी नबनाएको त भनी प्रश्न मात्रै गरेनन्, भिक्षुणी परम्पराको पनि सुरु गर्न दबाब पनि दिए । र, भिक्षुणी संघको स्थापना भयो पनि ।

निर्गन्थनाथपुत्र पनि भनिने महावीरले तत्कालीन समाजको मूल्यमान्यता विपरीत महिलालाई भिक्षुणी बनाएर संभवत: पहिलोपल्ट क्रान्तिकारी पाइला चाले । तर महावीरको संघमा भिक्षुणीको उपस्थितिले विकृति आएको र कलह बढेको कुराबाट बुद्ध अनभिज्ञ थिएनन् । सायद यही कुराले पनि हुनसक्छ, बुद्ध भिक्षुणी संघ बनाउनमा सुरुमा हच्किएका थिए । भविष्यमा आउन सक्ने समस्यालाई निराकरण गर्न बुद्धले भिक्षुणीहरूले पालना गर्नै पर्ने अतिरिक्त

नियमहरू राखे जसलाई 'अष्टगरु धर्म' अर्थात् अति कठिक नियमहरू भनिन्छ । यही नियमलाई बुद्धको विभेदकारी दृष्टिकोणका रूपमा व्याख्या गर्नेहरू पनि छन् । भिक्षुभन्दा उच्च आसनमा भिक्षुणी बस्न नपाइने, हिजै मात्र प्रवज्या लिएर भिक्षु बनेको किन नहोस्, पहिल्यैदेखि भिक्षुणी बनेकाले वन्दना गर्नु पर्ने आदि नियम थियो । संघमा जन्मका आधारमा नभएर प्रवज्याको आधारमा वर्ष गणना गरिन्छ । झट्ट हेर्दा यो विभेदकारी नै हो । तर यसैलाई गौण रूपमा हेर्दा विभेदकारी रूप नभएर एक संघले अर्को संघलाई आदर गरेको देखिन्छ । भिक्षुणी संघ पछि मात्रै बनेको हो र जेठो भिक्षु संघलाई वन्दना गरेको मान्यता यो लेखकको छ । उपासक उपासिकाका लागि त भिक्षु र भिक्षुणी दुवै बराबर हुन् । दुवैले आआफ्नो क्षमताअनुसार श्रावक बोधि प्राप्त गरी 'श्रावक बुद्ध' हुन सक्छन् जसलाई सामान्य भाषामा 'अर्हत्' भनिन्छ । सारिपुत्र, मौद्गाल्यायन, महाकश्यकजस्ता हजारौं भिक्षुहरूकै दाँजोमै महाप्रजापति, यशोधरा लगायत हजारौं भिक्षुणीहरू श्रावक बुद्ध, अर्थात् अर्हत् भएका थिए । आधुनिक सन्दर्भमा नै भन्ने हो भने पनि बौद्ध धर्मको सिद्ध परम्पराअनुसार ८४ सिद्ध व्यक्तित्वहरूको नाम लिइन्छ र ती सबै पुरुष मात्रै थिएनन्, लक्ष्मीकराजस्ता महिला पनि थिए । लक्ष्मीकराको सम्प्रदायले अझै पनि निरन्तरता पाइरहेको देखिन्छ ।

भिक्षुले २२७ र भिक्षुणीले ३११ वटा नियम पालना गर्नु पर्ने पनि विभेद नै भएको मान्यता राख्नेहरू पनि छन् । तर नियमहरूको अध्ययन गर्दा ती कतिपय प्रकृतिजन्य रहेको पाइन्छ । महिला र पुरुषमा प्रकृतिजन्य विभेद रहेछ भने त्यसको दोष बुद्धलाई दिन मिल्दैन ।

छोरा र छोरीमा विभेद गर्नुपर्छ भन्ने शिक्षा बुद्धबाट व्यक्त भएको पाइँदैन । तत्कालीन कोशल नरेश प्रसेनजित विहारमा बुद्धको उपदेश सुनिरहेका बखत एक सन्देशवाहक राजकर्मचारीबाट सन्देश प्राप्त भयो र नरेशको मुख अमिलो हुन थाल्यो । बुद्धले यसको कारण सोध्दा दरबारमा रानी मल्लिकादेवीले छोरी पाएको खबर सुनेर नरमाइलो भएको बताए । त्यस बेला बुद्धबाट व्यक्त भएको मन्तव्य मननयोग्य छ । बुद्धले भनेका थिए- 'छोरी जन्मेको कुराले यति धेरै चिन्तित किन बनेको ? छोरी पनि त सन्तान नै हुन् । कुनै पुरुष जसरी स्त्रीभन्दा श्रेष्ठ हुन्छन् त्यसरी नै स्त्री पनि पुरुषभन्दा श्रेष्ठ हुन सक्छन् । यहाँ पुरुष र स्त्री दुवै चाहिन्छ । योग्य शासक जन्माउने पनि त आखिर महिला नै त हुन् ।"

विभिन्न प्रसंगमा पतिप्रति पत्नीको कर्तव्यबारे मात्रै उल्लेख भएको पाइँदैन, साथै पत्नीप्रति पतिको कर्तव्यको पनि उल्लेख पाइन्छ । यसरी नै छोरा र बुहारीमा विभेद नदेख्नु आदि प्रसङ्ग वर्तमान समाजले अनुकरण गर्नयोग्य कुरा हो ।

बौद्ध मान्यताअनुसार सबै सत्व (प्राणी) एउटै हुन् । मानिस जसरी नै ठूलासाना सबै जीव र देव योनिमा जन्मेका र प्रेत योनिमा पुगेकाहरूलाई सत्वकै रूपमा लिइएको छ र कर्मभोगपछि विभिन्न योनिमा जन्म लिनु पर्दछ, कर्म सिद्धान्तअनुसार । एक पुरुष सधैं पुरुष मात्रै भइरहँदैन, महिला पनि हुन्छन् र महिला पनि कुनै बेला पुरुष हुन्छन् । यसअनुसार महिला र पुरुषमा कुनै विभेद देख्नु अविद्या मात्रै हो ।

*साभार : नागरिक दैनिक, शनिबार, २५ जेठ २०७६*

❖❖❖

# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका '**अर्हत्**' त्रैमासिक को वार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन पाठकहरूमा हार्दिक अनुरोध गर्दछ ।

साथै

निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।


## बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

Email: arhattraimasik@gmail.com

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

बौद्ध साहित्यिक पत्रिका **'अर्हत्'** त्रैमासिक निरन्तर प्रकाशनको हार्दिक शुभकामना व्यक्त गर्दछ ।


**प्रो. इरोजमान शाक्य**
**मो.नं. ९८४१२३३१३३**

**SHAKYA PRINTING PRESS**

शाक्य प्रिन्टिङ्ग प्रेस

बाफल, काठमाडौं, फोन नं. ०१-४०३८४७८
Email: shakyapress@gmail.com